# १. बडीकेदार गाउंपालिकाको परिचय




| Name | Nepali | Population (2011) | Area (km$^2$) | Density |
|---|---|---|---|---|
| Aadarsha | आदर्श | 23,945 | 128.47 | 186 |
| Purbichauki | पूर्वीचौकी | 22,483 | 117.66 | 191 |
| K.I. Singh | केआईसिंह | 20,903 | 127.01 | 165 |
| Jorayal | जोरायल | 20,824 | 419.09 | 50 |
| Sayal | सायल | 19,551 | 122.72 | 159 |
| Bogatan | बोगटान | 17,902 | 300.22 | 60 |
| Badikedar | बड्डी केदार | 16,720 | 332.55 | 50 |

**गाउंपालिकाको नाम** : बडीकेदार गाउंपालिका

समावेश भएका साविक गा.विि.स. वा न.पा. वा गा.वि.स.का वडाहरू : बर्छैन, घाङ्गल, मन्नाकापडी र लानाकेदारेश्वर गा.वि.स.

जनसंख्या : १६७२० क्षेत्रफल : ३३२.५५ वर्ग कि.मी.

केन्द्र : साविक बर्छैन गा.वि.सको कार्यालय वडा संख्या : ५

**सीमाना :**

पूर्व : बोगटान गा.पा. पश्चिम : जोरायल गा.पा. र कैलाली जिल्ला

उत्तर : शिखर न.पा.,बोगटान, जोरायल र के.आई. सिं गा.पा. दक्षिण : कैलाली जिल्ला

**वडा विभाजन**

| वडा नं. | समावेश भएका साविक गा.वि.स/न.पा.हरू | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | बर्छैन | १,५,६,७,९ | |
| २ | बर्छैन | २,३,४,८ | |
| ३ | घाङ्गल | १-९ | |
| ४ | मान्नाकापडी | १-९ | |
| ५ | लानाकेदारेश्वर | १-९ | |

# २. परिचय (Introduction)

गाउंपालिकाको स्थानीय स्रोतको परिचालनमा सक्षम र प्रभावकारी बनाउन तथा संविधान तथा कानूनद्धारा प्रदत्त राजस्व अधिकारको उपयोग गर्दै स्थानीय कर संकलन र व्यवस्थापनमा आत्मनिर्भर बनाउन बाङछनीय भएकोले,

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ ले गाउंपालिकालाई आफ्नो क्षेत्रभित्र एकीकृत सम्पत्ति कर लगाउन सक्ने गरी प्रदान गरेको अधिकारलाई कार्यान्वयनमा ल्याउन र एकीकृत सम्पत्तिकर व्यवस्थापन प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्न, नगरापालिकाले एकीकृत सम्पत्तिको विवरण संकलनका लागि नगरापालिकाको आफ्नै स्रोत र प्रयासबाट गाउंपालिका क्षेत्रमा रहेका प्रत्येक व्यक्तिका नाममा रहेको सम्पत्तिको पहिचान गरी एकीकृत सम्पत्तिको लगत तयारी तथा अद्यावधिक गर्न स्थलगत सर्वेक्षण विधि वा करदाता स्वयंले उपलब्ध गराएको विवरणका आधारमा प्रत्येक व्यक्तिका नाममा रहेको सम्पत्तिको पहिचान गरि एकीकृत सम्पत्तिको लगत तयार गर्न ।

स्थानीय सरकार संचालन ऐन लागु हुनुपूर्व स्थानीय स्वायत्त शासन ऐनले दिएको अधिकार अनुसार गाउंपालिकाहरूले एकीकृत सम्पत्ति कर वा घरजग्गा करमध्ये एउटा कर छनोट गरी लागु गर्न सक्ने र एकीकृत सम्पत्ति कर लागु भएको अवस्थामा सो गाउंपालिकामा मालपोत नलाग्ने व्यवस्था थियो । यो व्यबस्था स्थानीय सरकार संचालन ऐनको हालको

व्यवस्थासंग मेल खान्छ । यसै कानूनी व्यवस्था अनुसार पुराना ५८ मध्ये काठमाण्डौं उपत्यका भित्रका र तराई क्षेत्रका केही गाउंपालिका वाहेक अधिकांस गाउंपालिकाहरूले एकीकृत सम्पत्ति कर लागु गरेको थिए । नया गाउंपालिका गठन पश्चात कायम भएका २१७ गाउंपालिकाहरू मध्ये करिव ५० भन्दा बढी गाउंपालिकाले यो कर प्रारम्भ गरिसकेका छन् । हालको स्थानीय सरकार संचालन ऐनले गाउंपालिकाहरूले समेत एकीकृत सम्पत्ति कर लिन सक्ने व्यवस्था गरकोले यसको दायरा बढेको छ । घरजग्गा कर विगतमा केही गाउंपालिकाहरूले लागु गरेका थिए । घरजग्गा करमा शहरी क्षेत्रको घर र सो लगायत भित्रको जग्गाको मूल्यांकन गरी कर लिने र सवै जग्गामा मापपोत वा भुमिकर पनि लाग्ने व्यवस्था रहेको थियो ।

नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको राजस्व अधिकारहरूमध्ये सम्पत्ति कर, भूमिकर (मालपोत) र मालपोत असुली एकल अधिकारको सूचीमा रहेको छ । सोही व्यवस्थाको आधारमा स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्रभित्र एकीकृत सम्पत्ति कर र घरजग्गा कर लगाउन सक्ने व्यवस्था भएता पनि २०७५ श्रावण १ गते देखि एकीकृत सम्पत्ति करमात्र लाग्ने व्यवस्था गरिएको छ । सोही ऐनले एकीकृत सम्पत्ति कर भन्नाले स्थानीय तहको क्षेत्र भित्रको कुनै व्यक्तिको स्वामित्वमा रहेको सम्पुर्ण घर र जग्गाको एकीकृत रूपमा हिसाव गरी लगाईने सम्पत्ति करलाई जनाउछ भनि ब्याख्या गर्नुको साथै एकीकृत सम्पत्ति कर लाग्ने अवस्थामा भूमिकर ( मालपोत) नलाग्ने व्यवस्था गरेको छ । यस व्यबस्था अनुरूप स्थानीय तहले एकीकृत सम्पत्ति कर वा भूमिकर (मालपोत) मध्ये कुनै एक मात्र लगाउन सक्ने व्यवस्था भई २०७५ श्रावण १ गते देखि घरजग्गा कर नलाग्ने अवस्था सिर्जना भएको छ ।

उल्लिखित व्यवस्थाले गर्दा सम्पत्ति कर लागु गर्न चाहने स्थानीय तहहरूले एकीकृत सम्पत्ति कर नै लागु गर्नुपर्ने हुनाले यसको कार्यान्वियनमा स्पष्टता ल्याउनु पर्ने छ

गाउंपालिकाले कुनै एक आर्थिक बर्ष वा सो भन्दा बढी अवधिका लागि गाउंपालिकालाई प्राप्त हुन सक्ने राजस्व रकमको पूर्वानुमान गर्ने कार्यलाई गाउंपालिकाको राजस्व प्रक्षेपण भनिन्छ । राजस्व प्रक्षेपण गर्दा गाउंपालिकालाई प्राप्त हुने सम्पूर्ण राजस्वका श्रोतहरू जस्तो नेपाल सरकार बाट प्राप्त हुने समानिकरण अनुदान,राजश्व बाडफाड,शर्शत अनुदान बिशेष अनुदान,समपुरक अनुदान घर जग्गा रजिष्ट्रेशन लगायत अन्य बिभिन्न निकाय तथा स्वदेशी तथा विदेशी संघ संस्था र दातृ समुदायबाट प्राप्त हुने अनुदान, कानुन बमोजिम विभिन्न आन्तरिक स्रोतहरूबाट उठाउन सकिने कर,सेवा शुल्क ,दस्तुर तथा अन्य रकमहरूको यथार्थपरक अनुमान गर्नु पर्दछ ।

राजस्वका स्रोत र सोबाट उठाउन सकिने रकमलाई यथार्थपरक तथा प्रभाबकारी बनाउन राजस्व प्रक्षेपण गरिन्छ । स्थानीय सरकार संचालन ऐन र यस अन्तर्गतका नियमावलीहरूद्धारा गाउंपालिकालाई प्रदान गरिएको स्रोत परिचालन गर्ने अधिकार बमोजिम स्थानीय स्तरमा संकलन गर्ने आयलाई गाउंपालिकाको आन्तरिक आय भनिन्छ । यस अन्तर्गत जडिबुटी कर,जिवजन्तू कर,सवारी कर,एकिकृत सम्पत्ती कर,बिज्ञापन कर,सेवा शुल्क,पार्किङ शुल्क,घर बहाल कर,ब्यवसाय कर,मनोरन्जन कर,बहाल बिटौरी कर,पर्यटन शुल्क जस्ता करहरू पर्दछन् ।

## ३. उद्देश्य (Overall objective)

ऐन, नियम तथा विनिमयले ताकेको दायरा भित्र रही व्यवस्थित एवं वैज्ञानिक ढंगबाट कर संकलन गर्न त्यस्ता क्षेत्रहरूको पहिचान र विश्लेषण गरी गाउंपालिकाको वित्तीय अवस्था सुदृढ बनाउदै आन्तरिक राजस्वमा बृद्धि भई यस गाउंपालिका र सो गाउंपालिका अन्तर्गतका वडाहरू तथा यस संग सम्बन्धित अन्य संघ संस्थाहरूका क्रियाकलापहरू अझ उत्तरदायीपूर्ण, पारदर्शी र प्रभावकारी रूपमा संचालन भई गाउंपालिकालाई आत्मनिर्भर रूपमा संचालन भएको बनाउने ।

गाउंपालिकाले संकलन गर्न पाउने कर, राजस्व, दस्तुर र सेवा शुल्कका क्षेत्रहरू र प्रवृत्तिका वारे अग्रीम जानकारी प्राप्त गर्न सघाउने । कर प्रणालीलाई व्यवस्थित र प्रभावकारी गराउने उपायहरूको खोजी गर्ने । आन्तरिक श्रोतका अभिबृद्धि गर्दै गाउंपालिकालाई आत्मनिर्भरता तर्फ उन्मूख गराउन रणनीतिहरूको तय गर्ने । गाउंपालिकाको २ बर्षिय आन्तरिक राजस्व प्रक्षेपणको कार्य गर्ने । साथै स्थानीय तहहरूमा संचालन गरिने एकीकृत सम्पत्ति कर सम्वन्धी कार्यलाई प्रभावकारी र गुणस्तरीय बनाउनुका साथै राजश्व संकलन कार्यमा एकरूपता ल्याउनु हो । कर तथा शुल्क उठाउने व्यवस्था वारे जानकार भई स्थानीय तहको राजश्व अधिकारवारे जानकारी पाउने छन् । बिशेष गरी यस क्षेत्रमा लागु गरिने एकीकृत सम्पत्ति करको बारेमा जानकारी तथा लागु गर्न सक्ने बनाउनु यसको प्रमुख उद्येश्य रहेको छ ।

- एकीकृत सम्पत्ति करको अवधारणावारे जानकार भई कर प्रशासन अन्तरर्गतका कार्यहरू गर्ने् ।
- सम्पत्तिको पहिचान गर्ने तरिका तथा सोको आधारमा करदाताहरूले पेश गरेका विबरण र सो सम्बन्धी अभिलेखलाई व्यबस्थित गर्ने तरिकावारे जानकार हुने ।
- सम्पत्ति मुल्यांकन गर्ने अवधारणावारे जानकार भई जग्गा तथा सोमा निर्मित संरचनाको मूल्यांकन दर निर्धारण प्रस्ताव तयार गर्न सक्षम हुने ।
- सम्पत्तिको कर निर्धारण, विलिङ्ग, र संकलनको व्यवस्थावारे जानकारी हासिल गरी एकीकृत सम्पत्तिकर कार्यविधिको ड्राफ्ट तयार पार्न सक्ने ।
- अन्त्यमा सम्पत्ति कर कार्यान्वियन योजना तर्जुमा गर्न तयार गर्न सक्षम हुने ।

## ४. अध्ययनको औचित्यता

आिर्थक पक्ष भनेको कुनै पनि संस्थाको प्रधान पक्ष हो । एउटा मानवमा रक्त संचारको महत्व जति हुन्छ । एउटा क्रियाशिल संस्थामा आर्थिक पक्षको महत्व त्यो भन्दा कम हुन्न । आर्थिक पक्ष व्यवस्थित, मर्यादित र सुदृढ नभै कुनैपनि संस्थको लक्ष्य एवं उद्देश्य हासिल हुदैंन ।

ऐन बमोजिम कर लगाउन पाउने क्षेत्रहरूको पहिचान गरी वर्ष भरी संकलन हुन सक्ने कर तथा राजस्व स्थिति वारे प्रष्ट हुन आवश्यक छ । करको श्रोत, दर र कुल संकलन हुन सक्ने आन्तरिक श्रोतबारे अध्ययन गरी श्रोत मै कर लगाउने नीतिलाई यस अध्ययनले

व्यवस्थित गर्न सहयोग पुर्‍याउने विश्वास लिइएको छ । यस किसिमको कार्यले संस्थालाई आर्थिक समस्याबाट सुरक्षित राख्न सक्दछ । न्यून लागतमा सरल एवं पारदर्शी रूपमा गरिएको राजस्व संकलन प्रक्षेपणले गाउंपालिकालाई स्वावलम्वी र आत्मानिर्भर बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

स्थानीय तहले अनिवार्यरूपमा आन्तरिक आयको प्रक्षेपण गरी आगामि आर्थक बर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलव्धता, सम्भावित परिणाम, स्रोत परिचालनको व्यवस्थापन, तथा लागत र चालु बर्षको ठेक्का अंक समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक्का अंक र असुलि कार्यतालिका समेत भएको कार्यान्वयन कार्ययोजना तयार गर्नु पर्ने व्यवस्था गरेको छ । यसकारण यस गाउंपालिकाले आन्तरिक आयको अध्ययन गर्न राजस्व प्रक्षेपणको कार्य गर्न आवश्यक हुन गएको छ ।

## ५. उपलब्धि:(Outcomes )

- गाउंपालिकाको आन्तरिक राजस्वका श्रोतहरू पहिचान गरि प्रक्षेपण गर्न सक्षम हुने
- गाउंपालिकाको आन्तरिक राजस्व बृद्धि गर्नका लागि गर्नु पर्ने क्रियाकलापहरूको स्थिति बिश्लेषण
- गाउंपालिकाको र सरोकारवालाहरू वीच अन्तर सम्बन्धमा बृद्धि गर्न सचेत तथा प्रोत्साहन गरी राजस्व प्रक्षेपण तथा परिचालनमा सहभागीताको बृद्धि ।
- गाउंपालिकाको आफ्नो विकास निर्माणका क्रियाकलापहरूमा आन्तरिक श्रोतका उपलब्धता बढाउने क्षेत्रको पहिचान ।
- प्रक्षेपित र यथार्थ आयमा आउन सक्ने भिन्नतामा कमी ।
- गाउंपालिकाको आन्तरिक आय १०% देखि ३०% को दरले बृद्धि हुने गरी क्रियाकलापहरू प्रस्ताव ।
- सरोकारवाला संघ संस्थाहरूको गाउंपालिकाकोको आन्तरिक आयमा बृद्धि गर्ने सम्बन्धमा आफ्नो उत्तरदायित्व बोध हुने गरी कार्यक्रम संचालन गर्ने सम्बन्धमा ध्यान दिईनछ ।
- गाउंपालिका श्रोत साधन सम्पन्न र आत्म निर्भरता तर्फ लाग्ने अपेक्षा ।

## ६. राजस्व प्रक्षेपण गरिएको समय (Time for Revenue Predictioln)

- राजस्व प्रक्षेपण कार्य २०७४ भाद्र देखिको अध्ययन, अवलोकन भ्रमण, अन्तर्वार्ता, प्रश्नावली सर्बेक्षण तथ्याङ्क विश्लेषणको कार्यगरी २०७४ चैत्र मसान्त सम्मको अध्ययन प्रतिबेदन पेश गरिएको छ ।

## ७.तथ्याङ्क संकलन बिधि (Methodology /Data Collection Procedure)

- पूर्व अध्ययनहरूको पूनरावलोकन (Letreture Review
- प्रबृत्ति बिश्लेषण (Trend Analysis)
- सरोकारवालाहरू बिश्लेषण, ब्यक्तिगत अन्तर्वाता (Stakeholder analysis,Individual Interview)
- प्रश्नावली सर्बेक्षण तथा स्थलगत निरिक्षण (Questionare Survey and Field visit)
- कार्यशाला गोष्ठी तथा समुहगत छलफल (Work Shop and Group Discussion)

## ८. पूर्व अध्ययनहरूको पूनरावलोकन तथा प्रबृत्ति बिश्लेषण (Letreture Review and Trend Analysis)

पूर्व अध्ययनहरूको पूनरावलोकन तथा प्रबृत्ति बिश्लेषण गर्ने क्रममा गाउंपालिकामा उपलब्ध श्रेस्ता,कागजात तथा दर्ता रजिस्टर,गाउंपालिकाको आवधिक योजना,गत विगतका धनगढी स्मारिका आर्थिक विवरणहरू,राजस्व परामर्श समितिको प्रतिवेदनहरूको अध्ययन गरी आवश्यक तथ्याङ्कहरूको संकलन गर्ने कार्य गरिएको छ । यसैको आधारमा आ.व. २०७४ भाद्र देखि २०७४ चैत्र मसान्त अध्ययन गर्दा सम्मको उपलब्ध तथ्याङ्कको आधारमा प्रवृत्ति विश्लेषण गरिएको छ ।

## ९. सरोकारवालाहरू बिश्लेषण, ब्यक्तिगत अन्तर्वाता (StakeholderAnalysis, Individual Interview)

गाउंपालिकाको विभिन्न शाखा उपशाखामा कार्यरत शाखा प्रमुख कर्मचारी तथा करदाताहरू, वडा,टोल विकास समितिहरू लगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरू संग प्रत्यक्ष अन्तर्वार्ता बीच छलफल तथा परामर्श गरिएको थियो ।

## १०. प्रश्नावली सर्बेक्षण तथा स्थलगत निरिक्षण (Questionare Survey and Field visit)

सरोकारवालाहरूको लागि विभिन्न प्रश्नावलीहरू बनाएर सर्वेक्षण गरिएको थियो । स्थलगत निरीक्षण गर्ने क्रममा कर संकलन हुने नमूना स्थलहरूको निरीक्षण गरिएको छ ।

## ११. कार्यशाला गोष्ठी तथा समुहगत छलफल (Work Shop and Group Discussion)

अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू, अन्य निर्वाचित जनप्रतिनिधिहरू,राजनैतिक दलका प्रतिनिधिहरू,वडा,सरोकारवाला संघ संस्थाका प्रतिनिधिहरू,उपभोक्ता समितिहरू तथा प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य गाउंपालिकाका कर्मचारीहरू समेत संलग्न गरी कार्यशाला गोष्ठी गरी बिभिन्न समूहहरूमा विभाजन गरी समूहगत छलफलको आधारमा आएको निश्कर्षको आधारमा तथ्यांकहहरू संकलन गर्ने काम गरिएको छ ।

## १२. तथ्याङ्क बिश्लेषण (Data analysis) तथा तथ्यांक परीक्षण (Data Verification)

तथ्यांक बिश्लेषणको क्रममा सबै भन्दा पहिले विगत बर्षहरूको अध्ययन गर्दाको समय सम्मको उपलब्ध तथ्याङ्कको आधारमा आन्तरिक आयको बिश्लेषण गरिएको छ । त्यस पछि प्रश्नावलीहरू तयार गरी सरोकारवाला संघ संस्थाहरू गाउंपालिका कार्यालका प्रमुख प्रशासकीय अधिकृत शाखा तथा उपशाखा प्रमुख तथा कर्मचारी, करदाताहरू राजनैतिक पार्टीका प्रतिनिधीहरू संग सम्पर्क गरी आवश्यक सूचना तथा तथ्यांकहरू संकलन गरिनुका साथै विभिन्न संघ संस्था प्रमुखहरू संग प्रत्यक्ष अन्तर्वार्ता गर्ने, उक्त संकलित तथ्यांकरूलाई

विभिन्न समुह तथा शिर्षकहरूमा विभाजन गरी सोको आधारमा आबश्यक सुचनाहरू छनौट गरी सुचनाको साझा क्षेत्रहरूलाई राखी दोहोरो कर निरूत्साहित हुने गरी विश्लेषण गरिएको छ । संकलित सूचना तथा तथ्यांकहरूको शुद्धता र विश्वसनीयता जाच गरी राजस्व प्रक्षेपण कार्यलाई दिगो बनाउने क्रममा कार्यशाला गोष्ठीबाट आएका निश्कर्षहरूलाई समेत मध्य नजर गरी तथ्यांकहरूको छड्के परीक्षण समेत गरिएको छ ।

तथ्यांक परीक्षण गर्ने क्रममा हाल कानुनले तोकेको हद न्यूनतम र अधिकतम दर, आधारहरूमा भएको परिवर्तनको अवस्था, बजारमा आउन सक्ने परिवर्तन, अन्तर निकाय सम्बन्ध, जोखिम पक्ष समेतलाई मध्य नजर गरिएको छ ।

## १३. तथ्यांक तालिकीकरण (Data Tabulation)

विभिन्न क्षेत्रबाट संकलित सूचनाहरूलाई श्रोतगत रूपमा विगतमा संकलन गर्दै आएको करका दरहरू तथा संकलित राजस्व रकम तथा सो को बिश्लेषणलाई बिश्लेषण तालिकामा प्रस्तुत गरिएको तथा अन्य सम्भावित श्रोतहरूको समेत बिश्लेषण गरि राजस्व आंकलन गरिएको छ । तालिकीकरण गरिएका तथ्यांकहरू यसमा समावेश गरिएको छन् ।

## १४.राजस्व प्रक्षेपण अध्ययनका सीमाहरू

- आवधिक योजना, स्मारिका, आर्थिक विवरणहरू, राजस्व परार्श समितिको प्रतिदेदनहरू
- नमूना राजस्वका श्रोतहरूको स्थलगत अध्ययन
- नमूना सरोकारवालाहरू, संघसंस्थाका प्रमुखहरू संगको प्रत्यक्ष अन्तर्बार्ता
- जोखिम पूर्बानुमान गर्न सकिने तर जोखिम समायोजन **(Risk Adjustmenmt)** गर्ने औजारको अभावमा पूर्ण रूपमा जोखिम समायोजन गर्न नसकिएको
- प्राथमिक तथा माध्यामिक तथ्याङ्कका (Primary and Secondary Data) को आधारमा आन्तरिक आयको सम्भाब्यता अध्ययन गरिने भएर सो तथ्यांकको विश्वसनियता मा राजस्व अनुमान भएको ।
- बाह्य श्रोतबाट संकलन हुने आय केन्द्रिय अनुदान र अन्य अनुदानको आधारमा हुने कारण यी आयको गत विगतको स्थिति अध्ययन विश्लेषण गरिएको तर आगामी प्रक्षेपण कार्यमा समाबेश नगरिएका ।

## १५.मुख्य प्रतिबेदन

### १५.१. बडीकेदार गाउंपालिकाको आयका श्रोतहरू

स्थानीय सरकार संचालन ऐन २०७४ तथा संबिधान अनुसार गाउंपालिकाको आय स्रोतमा नेपाल सरकार बाट प्राप्त हुने समानिकरण अनुदान,राजश्व बाडफाड,शर्शत अनुदान बिशेष अनुदान,समपुरक अनुदान घर जग्गा रजिष्ट्रेशन लगायत अन्य बिभिन्न निकाय तथा स्वदेशी तथा विदेशी संघ संस्था र दातृ समुदायबाट प्राप्त हुने अनुदान, कानुन बमोजिम विभिन्न आन्तरिक स्रोतहरूबाट उठाउन सकिने कर, सेवा शुल्क, दस्तुर तथा अन्य रकमहरू स्थानीय तहले आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने रकम जनाएको छ । यसरी गाउंपालिकाले आन्तरिक र बाह्य श्रोतहरूको रूपमा संकलन गरिएको हुन्छ ।

- आन्तरिक श्रोततर्फको आय

➢ बाह्य श्रोतबाट उपलब्ध हुने आय




### १५.२ बडीकेदार गा.पा. कुल आयको तुलनात्मक स्थिति

आ.ब. ०७४।०७५ को यथार्थ कुल आय तालिकामा देहाय बमामोजिम रहेको छ

### १५.३ आन्तरिक आयको परिचय :

स्थानीय सरकार संचालन ऐन २०७४ को परिचछेद ९ ले आन्तरिक आय शिर्षक अन्तर्गत जडिबुटी कर,जिवजन्तू कर,सवारी कर, एकिकृत सम्पत्ती कर,बिज्ञापन कर,सेवा शुल्क,पार्किङ शुल्क, घर बहाल कर,ब्यवसाय कर,मनोरन्जन कर, बहाल बिटौरी कर, पर्यटन शुल्क जस्ता करहरू पर्दछन् । यसर्थ राजस्व प्रक्षेपणको सन्दर्भमा उक्त आय शिर्षक व्याख्यालाई आधार मानी आन्तरिक आयको प्रक्षेपण र विश्लेषण गर्नुपर्ने हुन्छ ।

## १६. वाह्य श्रोत

### १६.१ अनूदान:

बडीकेदार गाउंपालिकालाई नेपाल सरकार बाट प्राप्त हुने समानिकरण अनुदान,राजश्व बाडफाड,शर्शत अनुदान बिशेष अनुदान,समपुरक अनुदान घर जग्गा रजिष्ट्रेशन लगायत अन्य बिभिन्न निकाय तथा स्वदेशी तथा विदेशी संघ संस्था र दातृ समुदायबाट प्राप्त हुने अनुदान पनि प्रप्त हुने गरेको छ । यस्तो अनुदान निसर्त र शसर्त गरी दुई वटा शीर्षकमा प्राप्त हुने गरेको छ । सामाजिक सुरक्षा कार्यक्रमको लागि सशर्त अनुदान मात्र प्राप्त हुने गरेको छ ।

## १७. बडीकेदार गाउंपालिकाको द्वि बर्षीय आन्तरिक आयको प्रक्षेपणका आधारहरू

यस नपाको आनतरिक आय प्रक्षेपण गर्ने सम्बन्धमा नपाबाट प्रकाशित आर्थिक बिवरण,आवधिक योजना प्रकाशित ,शाखा तथा उपशाखा प्रमुख तथा कर्मचारी, अन्य सम्बनिधत संग सम्पर्क गरी आवश्यक सूचना तथा तथ्यांकहरू संकलन गरिनुका साथै विभिन्न संघ संस्था प्रमुखहरू संग प्रत्यक्ष अन्तर्वार्ता गर्ने, उक्त संकलित तथ्यांकरूलाई विभिन्न समुह तथा शिर्षकहरूमा विभाजन गरी सोको आधारमा आबश्यक सुचनाहरू छनौट गरी सुचनाको साझा क्षेत्रहरूलाई राखी दोहोरो कर निरूत्साहित हुने गरी विश्लेषण गरिएको छ ।

तथ्यांक बिश्लेषणको क्रममा सबै भन्दा पहिले विगत बर्षहरूका बजेटका तथ्यांकहरूको प्रबृत्ती बिश्लेषण,औसत विश्लेषण, अनुपात विश्लेषण, अध्ययन गर्दा सम्मको प्राप्त विभिन्न सुचना ,जानकारी सम्झौता आदिबाट संकलित सूचना तथा तथ्यांकहरूको शुद्धता र विश्वसनीयता जाच गरी राजस्व प्रक्षेपण कार्य गरिएको छ ।

तथ्यांक परीक्षण गर्ने क्रममा करको दरहरूको आधारहरूमा भएको परिवर्तनको अवस्था, बजारमा आउन सक्ने परिवर्तन, अन्तर निकाय सम्बन्ध, जोखिम पक्ष समेतलाई मध्य नजर गरिएको छ ।

| बडीकेदार गाउंपालिका, डोटी | | | |
|---|---|---|---|
| अन्तरिक आयको आ.ब.२०७५।०७६ र ०७६।०७७ को प्रेक्षपित आय अनुमान | | | |
| शि.न. | आय शीर्षक | आ.व. २०७५।०७६ | आ.व. २०७६।०७७ |
| ११३१३ | ए.सम्पत्ति कर | ४००,०००।०० | ४४०००० |
| ११३१४ | मालपोत तथा भूमि कर | ५०,०००।०० | ५५००० |
| ११३२१ | घर बहाल कर | १०,०००।०० | ११००० |
| ११३२२ | बिटौरी कर | ५,०००।०० | ५५०० |
| ११६१३ | व्यवसाय कर | १५०,०००।०० | १६५००० |
| ११६३२ | अखोटे,पहार कर | १०,०००।०० | ११००० |
| १४१७१ | बन रोयल्टी | ५००,०००।०० | ५५०००० |
| १४१७२ | खानी रोयल्टी | ५,०००,०००।०० | ५५००००० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्रि | २२०,०००।०० | २४२००० |
| १४२२४ | परीक्षा शुल्क | १५०००० | १६५००० |
| १४२४२ | नक्सा पास दस्तुर | ५०,०००।०० | ५५००० |
| १४२४३ | सिफारीस दस्तुर | ३५०,०००।०० | ३८५००० |
| १४२४४ | ब्यत्तिथत घटना दर्ता दस्तुर | २०,०००।०० | २२००० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १००,०००।०० | ११०००० |
| १४२४९ | अन्य दस्तुर | ४०,०००।०० | ४४००० |
| १४३११ | न्ययीक दण्ड जरिवाना | ५,०००।०० | ५५०० |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना | ५,०००।०० | ५५०० |
| १४५२९ | अन्य राजश्व | ५००,०००।०० | ५५०००० |
| **आन्तरिक श्रोत जम्मा** | | ७,५६५,०००।०० | ८,३२१,५००।०० |

## १८. आन्तरिक आय कार्यान्वयन योजना

स्थानीय तहहरूले आर्थिक बर्षको लागि प्रत्येक आन्तरिक आय स्रोतको उपलव्धता, संभावित परिचालन,श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु बर्षको ठेक्का अङ्क समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेका अङ्क र असुली कार्यतालीका समेत भएको कार्यान्वयन कार्य योजना बनाउनु पर्ने व्यवस्था गरेको छ । यस बमोजिम विगतको आन्तरिक आय व्यवस्थापन सम्बन्धी अभ्यास तथा आर्थिक प्रशासन नियमाबलीको व्यवस्था अनुसार निम्न बमोजिम आन्तरिक राजस्व व्यवस्थापन तथा कार्यान्वयन कार्य योजना तयार गरिएको छ । प्रस्तुत कार्य योजनालाई बडीकेदार गाउंपालिले आधार मानी असुलि कार्य तालिका बमोजिम आन्तरिक आयको संकलनको व्यवस्था मिलाई गाउंपालिकाको कोष प्रवाहलाई धनात्मक (positive) अवस्थामा राख्न आवश्यक छ ।

**राजश्व योजना *(Revenue Plan)* को नमूना**

| क्र. सं. | क्रियाकलाप | समय तालीका | जिम्मेवार निकाय/शाखा | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

## १९. असुलि कार्यतालिका

गाउंपालिकाले आय ठेक्का व्यवस्था तथा आन्तरिक आयको प्रक्षेपण गरेपछि आय योजना अनुसार समय समयमा रकमहरू संकलन गर्ने तर्फ ध्यान दिनु आवश्यक हुन्छ । यस्तो आयको असुलि कार्यतालिकामा बर्तमान आयका साथै गत विगतको आन्तरिक आयको उठाउन बांकी रकम समेतलाई तर ताकेता गरी हिसाब फर फारक बनाउन आवश्यक हुन्छ । यस अनुसार गाउंपालिकाले आगामी आर्थिक बर्ष देखि यस प्रकारको कार्यतालिका वनाई कार्यान्वयन गर्न आवश्यक देखिन्छ । नपाको सुविधा अनुसार राजस्व संकलन कार्य तालिका नं. १. अथवा नं. २. प्रयोग गर्न सकिन्छ ।

## २०. प्रस्तावित राजस्व असुली कार्य तालिका ठेक्कामा संकलन हुने राजस्व सम्बन्धि बिबरण

| क्र. सं | राजस्व संकलनको शिर्षक | प्रक्षेपित कूल अनुमानित प्रशासनिक खर्च | ठेकेदारको मुनाफाको अंश | लाग्ने कर | विगत बर्ष संकलिच राजस्व | चालुबर्ष संकलित राजस्व | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २. | | | | | | | |
| ३ | | | | | | | |

## प्रस्तावित राजस्व संकलन कार्य तालिका नं. १.

| क्र. सं | क्रियाकलाप वा आय शिर्षक वा ठेक्का | महिना | | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र | बैशाख | जेठ | असार | जम्मा | |
| १. | | | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | | | |

## राजस्व संकलन कार्य तालिका नं. २.

| क्र.सं | क्रियाकलाप वा आय शिर्षक वा ठेक्का | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | चौथो चौमासिक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

# २१. न्यूनतम ठेक्का अंकको निर्धारण

नगरपाकिले आन्तरिक आय प्रक्षेपण गरी आन्तरिक आयको न्यूनतम ठेका अंक समेत निर्धारण गरी कार्ययोजनाको निर्माण गर्नु पर्ने र यस्तो आय ठेक्का आर्थिक बर्ष प्रारम्भ हुनु भन्दा अगाडीनै लगाइसक्नु पर्ने व्यवस्था गरेको छ ।

गाउंपालिकाको आयतर्फ न्यूनतम ठेका अंकको निर्धारण ठेक्कापट्टाबाट आय संकलन हुने ठेक्काहरूको निमित्त लक्षित भएकोले आय ठेक्काको न्यूनतम अंक निर्धारण गर्दा निम्न विषयमा ध्यान पुर्‍याउन आवश्यक हुन्छ

- गत बर्षको न्यूनतम अंक र वास्तविक ठेका अंक ।
- स्रोतमा आएको फेरबदल वा परिणाम तथा गुणस्तरमा परिवर्तन ।
- स्रोतको बजारमा आएको परिवर्तन ।
- आय ठेक्कामा विद्यमान जोखिम पक्ष ।
- आयको दीगो संचालन ।
- आय संकलनमा वातावरणीय पक्ष ।

- नगपालिकाको विशेष शर्तहरू ।
- असुली किस्ता तथा कार्यतालिका ।
- धरौटी तथा जमानत ।
- परम्परागत आय ठेक्का वा नयाा आयको ठेक्का ।
- वास्तविकता:रकम धेरै प्राप्त गर्ने अभिलाषामा पुरानो ठेक्काको रकम उठ्न नसक्ने वा बीचमा ठ्क्का तोड्ने अवस्था नआओस् भन्ने तर्फ बस्तुपरक हुनु पर्ने ।

यिनै परिप्रेक्षलाई विचार गरी राजस्व आय प्रक्षेपणका चरणहरू अनुसार कर्मचारीको राजस्व अनुमान तथा प्रक्षेपण कार्यदलले संभाव्यता र व्यवहारिकता समेत विचार गरी प्रत्येक ठेक्का लाग्ने आय शिर्षकमा न्यूनतम अंकको प्रस्ताव गर्नु पर्दछ । आगामी आर्थिक बर्षको आय ठेक्का चालु आर्थिक बर्षमा लगाइसक्नु पर्ने कानूनी व्यवस्था भएकोले आगामी बर्षदेखि यसरी गरिएको विश्लेषणका आधारमा राजस्व कार्ययोजना सहित गाउंपालिकाको आगामी परिषदले स्वीकृत वा अनुमोदन गर्नु पर्ने व्यवस्थालाई अभ्यास गर्दै लैजानुपर्ने देखिन्छ । यसका लागि राजस्व परामर्श समितिलाई सहयोगी अंगको रूपमा परिचालन गर्नुपर्दछ ।

## २१. राजस्व संकलनका अवसरहरू

स्थानीय बासीको रोजगारी को अवसर सृजना गरी आय आर्जन गर्न सक्षम बनाई ब्यापार ब्यवसाय, सास्कृतिक, धार्मिक ऐतिहासिक, प्राकृतिक श्रोत साधन तथा पर्यटकिय आधारमा आवश्यक पूर्बाधारहरू निर्माण गर्नसके स्थानीय जनताको जीवनस्तरमा अभिबृद्धि हुनुका साथै सेवा, शूल्क, दस्तुर को आधारमा राजस्व संकलन गर्न सकिन्छ ।

- राजधानी संग स्थलमार्ग मार्फत जोडिएको ।
- मन्दिर र प्रसस्त बन हरू रहनु ।
- साास्कृतिक दृष्टिकाणले गौरापर्व, माघी, होली जस्ता पर्वहरूले सुदूर पश्चिमाचलको पहिचान दिने क्षेत्रहरू प्रबर्द्धन ।
- ऐतिहासिक दृष्टिकाणले धार्मिक स्थानहरू, मन्दिरहरू समेत रहेकोले धार्मिक पर्यटकहरूको सम्भावना ।

## २२. राजस्व संकलनका समस्याहरू

- गाउंपालिका क्षेत्रमा घरेलु तथा साना उद्योगहरू तथा ब्यबसायिक पसलहरू नरहेको ।
- ब्यापार तथा उद्योगहरू संचालनमा आउन नसक्नु ।
- उच्च गरिवी दर हुनु, परम्परागत कृषि पद्दति हुनु ।
- स्थानीय कर तथा अन्य शुल्कहरूबाट संकलन भएको रकम विनियोजन पारदर्शी हुन नसक्नु ।
- करदातालाई करको महत्वको ज्ञान तथा प्रोत्साहनमा अभाव हुनु
- राजस्व तिर्ने करदातालाई प्रोत्साहनको अभाव हुनु ।
- एकिकृत सम्पत्तीकरको दायरामा ल्याउन नसक्नु ।

- ब्यापार व्यवसाय संचालन गर्ने सवै ब्यापारीहरू नपामा दर्ता नहुनु ।
- नपा बाट प्रदान हुने सेवा सुविधा नपाको विकास निर्माण नपाको करदाताको आवश्यकता संग Tie up नहुनु ।
- कर राजस्वका श्रोतहरूको पहिचान गर्न अध्ययनको अभाव ।
- नपामा नक्शा पास गरी घर बनाउने प्रबृत्ती कमी हुनु ।
- राजस्व संकलन कार्यमा अनुगम भएको कुनै लिखित प्रतिबेदनहरू नरहुनु
- श्रोत परिचालनको क्षेत्रमा साझेदारहरूको पहिचान हुन नसकेको ।
- संभावित क्षेत्रहरूलाई प्रवर्द्धन गर्ने खालको कार्यक्रमको निर्माण र कार्यान्वयन हुन नसकेको आदि ।

## २३. चुनौतीहरू

- ब्यापार गर्नेले पनि नियमित रूपमा कर नतिर्नु,
- ब्यपारीहरूको सही लगत तयार नहुनु,
- दक्ष जनशक्ति बाहिरिनु,
- आधुनिक कृषि पद्दति नहुनु
- राजश्व संकलन तथा परिचालन पारदर्शी हुन नसक्नु ।
- गरिबि

## २४. आन्तरिक राजस्व संकलन प्रबर्द्धनका उपायहरू

आन्तरिक आय संकलन प्रबर्द्धनको लागि चार किसिमका कार्यक्रमहरू प्रस्ताव गरिएका छन् ।

- आय अभिबृद्धि कार्यको सम्बन्धमा
- संकलन प्रकृयामा सुधारको सम्बन्धमा
- संस्थागत सुधारको सम्बन्धमा
- नीतिगत कार्यबिधिहरू सम्बन्धमा

**(क) आय अभिबृद्धि कार्यको सम्बन्धमा**

- स्थानीय वासीलाई सीपमूलक तालिमहरू प्रदान गरी क्षमता अभिबृद्धि गरी आय आर्जनका अवसरहरू सृजना गरी ब्यापार ब्यवसाय तथा संस्था दर्ता, नक्शा पास, नविकरण, सेवा शूल्क को रूपमा राजस्व संकलन गर्न सकिने
- कर राजस्वका श्रोतहरूको पहिचान गर्न समय समयमा अध्ययन गराउनु
- गाउंपाकिला क्षेत्रभित्र रहेका सार्वजनिक ताल,पोखरी तथा जग्गाहरूलाई व्यवस्थित गरी व्यवसायिक रूपमा संचालन गर्ने व्यवस्था गर्न सकिने ।
- निजी क्षेत्र र हाल न.पा.मा नरहेका विभिन्न दातृ निकायहरूबाट गरिने कार्यक्रम र पुंजी अधिकाधिक मात्रामा न.पा. क्षेत्रभित्र लगानी गर्ने सहज वातावरण सिर्जना गर्न आवश्यक सम्पर्क सन्जाल विस्तार गरी छलफललाई निरन्तरता दिने ।

- सार्वजनिक नीजि साझेदारीको माध्ययमबाट संचालन गर्न सम्भव भएका क्षेत्रहरूमा कार्यक्रमहरू सङ्चालन गर्न सकेमा नीजिक्षेत्रको समेत अपनत्व बढ्नुको साथै दिगो रूपमा राजस्व संकलन समेत बृद्धि हुने ।

(ख) **संकलन प्रकृयामा सुधारको लागि**

- ब्यापार ब्यवसाय संचालन गर्ने ब्यापारीहरू सवै नपामा दर्ता गराउन स्थलगत रूपमा कर्मचारी परिचालन वा साझेदारीमा ब्यवस्था ।
- एकिकृत सम्पत्ति करको दायरामा नआएका ब्यक्तिहरूलाई सम्पत्ति करको दायरामा ल्याउन अभिप्रेरित गर्ने गरी ब्यवस्था मिलाउनु ।
- राजस्व असुलीको अनुगमन टोलीहरू बनाई राजस्व असुली गर्ने र कर्मचारीहरूमा Performance Based Insentive System(PBIS) लागिु गर्ने ।
- राजस्व छली गर्ने करदाता तथा सहभागि हुने कर्मचारीलाई दण्ड तथा साजायको ब्यवस्था गर्ने ।
- राजश्व संकलन तथा परिचालन संग सम्बन्धित कर्मचारीहरूलाई नमूना राजस्व संकलन भएका गाउंपालिकाहरूको अबलोकन भ्रमण गराउने ।
- करदाताहरूलाई राजश्व तिर्ने सम्बन्धमा जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने ।
- कर दायरामा नसमेटिएका वस्तु तथा सेवाहरूलाई करको दायरामा समेट्न सरोकारवालाबाट आएका सुझावहरूलाई ग्रहण गर्ने ।

(ग) **संस्थागत सुधारको लागि**

- कर राजस्व तथा एकिकृत सम्पत्ति करको रेकर्ड ब्यवस्थित गर्ने अर्थात ब्यवसायको प्रकृतिको आधारमा करदाताहरूको छुट्टा छुट्टै अभिलेख ब्यवस्थित गर्ने ।
- राजस्व शाखाको कार्यव्यवस्थापन र जिम्मेवारीको सुस्पष्टता र विज्ञतामा बृद्धि गर्ने ।
- राजस्व संकलन तथा अनुगमन टोलीहरू गठन गरी संकलन तथा अनुगमन गर्न लगाउने र उक्त सम्बनधमा प्रतिबेदन तथा सर्भे रिपोर्टहरूको लिखित अभिलेख ब्यवस्थापन गर्ने ।
- कर योग्य वस्तु तथा सेवाको कारोवारमा नपाले उठाउन मिल्ने वस्तु तथा सेवाको कारोवार छुट्टिएको देखिए त्यस्ता कारोवारहरूलाई समेट्ने ।
- कर चुहावटको सूचना दिने व्यक्तिलाई गोपनियता कायम राखी पुरस्कृत गर्ने व्यवस्था मिलाउने ।

(३) **नीतिगत कार्य बिधिहरू बनाउन**

- राजस्व संकलन तथा परिचालनमा पारदर्शीतामा बृद्धि गर्नु पर्ने ।
- नपा बाट प्रदान हुने सेवा सुविधा नपाको विकास निर्माण तथा करदाताको आवश्यकता संग Tie up हुने गरी पारदर्शी बजेट विनियोजन नीति बनाउने
- राजस्व संकलन कार्यविधी तथा कार्यतालिका बनाई प्रयोगमा ल्याउने ।

- कृषि, पशुपालन तथा पर्यटन क्षेत्रको प्रचुर सम्भावना भएको कारण सो क्षेत्रहरूको विकासको लागि आबश्यक भौतिक पूर्बाधार को विकास गर्नु र सो अनुसारको आय आर्जन गर्न सकिने क्षेत्रमा जनचेतनामा अभिबृद्धि गर्ने किसिमले नीतिगत व्यवस्था मिलाउने ।
- गाउं सभाबाट परिवर्तित दर रेट पास गर्ने ।
- सार्वजनिक नीजि साझेदारीमा कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्ने ।
- पुरानो बक्यौता उठाउन को लागि विशेष कार्यविधि तथा कार्ययोजना बनाई कार्य अगाडि बढाउने

२५. अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू, अन्य निर्वाचित जनप्रतिनिधिहरू, राजनैतिक दलका प्रतिनिधिहरू,वडा,सरोकारवाला संघ संस्थाका प्रतिनिधिहरू,उपभोक्ता समितिहरू तथा प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य गाउंपालिकाका कर्मचारीहरूबाट प्राप्त पृष्टपोषण बा आ.ब. ०७५।०७६ का लागि तपसिल बमोजिम र आ.ब. ०७६।०७७ का लागि ततपसिलको दरमा ५ देखि १० प्रतिशत सम्म थप गरेर लगाउन उपर्युक्त हुन्छ ।

| क.सं. | व्यवसायको विवरण | आ.ब. २०७५.०७६ का लागि प्रस्तावित करको दर | |
|---|---|---|---|
| | स्तर | क | ख |
| १) | पर्यटन उद्योग | | |
| १.१ | होमस्टे | ३०० | १५० |
| १.२ | साधारण होटल र लज | १००० | ५०० |
| १.३ | रेष्टुरेन्ट (मम तास सेकुवा) | १००० | ५०० |
| १.४ | प्रति पर्यटक स्वदेशी र विदेशी | २५ | २० |
| २) | व्यापारिक वस्तु | | |
| २.१ | खाद्यान्न किनारा पसल (डिलर र खुद्रा) | १००० | ५०० |
| २.२ | कपडा पसल (थोक एवं खूद्रा) | १००० | ५०० |
| २.३ | पेट्रोल पम्प | १००० | |
| २.४ | विद्युत सामान तथा विद्युतीय सामग्री टि.भी., घडी रेडियो बिक्री | १००० | ५०० |
| २.५ | निर्माण सामाग्री | १५०० | १००० |
| २.६ | सूनचांदी पसल (ज्वेलेरी) | १५०० | १००० |
| २.७ | फेन्सी पसल | १००० | ५०० |
| २.८ | उनी धागो पसल | ५०० | ३०० |
| २.९ | जूत्ता चप्पल पसल | ५०० | ३०० |
| ३) | अन्य सेवा | | |
| ३.१ | विविध श्रृघार पसल (थोक/खुद्रा) | ५०० | ३०० |
| ३.२ | फर्नीचर पसल | १००० | ५०० |
| ३.३ | भांडा र गिफ्ट पसल(थोक/खुद्रा) | १००० | ५०० |
| ३.४ | कुटानि पिसानि मिल | १००० | ५०० |

| | | | |
|---|---|---|---|
| ३.५ | पूस्तक तथा पत्रिका पसल | ५०० | ३०० |
| ३.६ | नर्सरी र फलफुलका विरुवा बिक्रीवितरण | ५०० | ३०० |
| ३.७ | संस्थागत पेन्टर | २०० | १०० |
| ३.८ | तरकारी पसल | २०० | १०० |
| ३.९ | मासु पसल | ५०० | ३०० |
| ३.१ | कपडा सिलाई | ५०० | ३०० |
| ३.११ | हेयर कटिङ | ५०० | २०० |
| ३.१२ | आर्ट | ४०० | २०० |
| ३.१३ | फोटो स्टूडियो | ४०० | २०० |
| ३.१४ | रंगरोगन पसल | ५०० | ३०० |
| ३.१५ | चश्मा पसल | ५०० | ३०० |
| ४) | मर्मत संभार | | |
| १ | रेडियो टि.भि घडी, प्रेशर कुकर, हिटर, टेलीफोन सेट पंखा तथा स्टोभ, विद्युत सामग्री मर्मत केन्द्र | ५०० | ३०० |
| २ | हेभी इक्विपमेन्ट बस, ट्रक, कार मोटर साईकल, टेम्पो, साईकल मर्मत कारखाना तथा टायर मर्मत केन्द्र | १००० | ५०० |
| ५) | सेवा उद्योग | | |
| १ | डाइभिङ इन्स्टिच्यूट | ५०० | ५०० |
| २ | चलचित्र मन्दिर | १००० | ३५० |
| ३ | ल्याब तथा फोटो ग्राफि | ८०० | ३५० |
| ४ | छापाखाना | ८०० | ३५० |
| ६) | कृषि तथा वनजन्य उद्योग | | |
| १ | कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसाय आदी | ८०० | ३५० |
| २ | कृषि तथा जडीबुटी निकासी | १००० | ५०० |
| ७) | उत्पादन मुलक उद्योग | | |
| १ | पाउरोटी भण्डार | ५०० | |
| २ | आइसक्रिम उद्योग तथा पसल | ५०० | |
| ८) | वित्तीय सेवा | | |
| १ | वित्तीय संस्था र सहकारी संस्था | १००० | ५०० |
| २ | रेमिटेन्स सेवा | १००० | |
| ९) | स्वास्थ्य सेवा | | |
| १ | निजी तथा गैरसरकारी अस्पताल | १००० | ५०० |
| २ | नर्सिङ होम | १००० | ५०० |
| ३ | क्लिनिक तथा ल्याव | १००० | ५०० |
| ४ | डेन्टल ल्याब वा क्लिनिक | १००० | ५०० |
| १०) | शिक्षा सेवा | | |

| | | | |
|---|---|---|---|
| १ | नि.जि क्षेत्रका बोर्डिङ स्कुल क्याम्पस उ.मा.वि मा.वि. र प्रा.वि. | १५०० | १००० |
| २ | टाईपिङ, कम्प्यूटर तथा भाषा प्रशिक्षण संस्था | १००० | |
| ३ | सिलाई, बूनाई, पेन्टिङ, कटिङ प्रशिक्षण | १००० | ५०० |
| ४ | टेक्निकल इन्स्टिच्युट | १००० | |
| ११) | निर्माण व्यवसायी गाउंपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा क, ख, ग, घ | | |
| १२) | संचार सेवा | | |
| १ | निजी क्षेत्रका कूरियर, फ्याक्स,इमेल, इन्टरनेट र टेलिफोन | ५०० | |
| १३) | विशेषज्ञ मरामर्श तथा अन्य व्यवसायिक सेवा | | |
| १ | चिकित्सक विशेषज्ञ (स्वा.सहायक,कविराज) | १००० | ५०० |
| २ | ल फर्म | ५०० | |
| ३ | कन्सल्टेन्सी फर्म (इन्जीनिय र ओ.) | १००० | |
| ४ | ज्योतिस | ३०० | |
| १४) | अन्य व्यवसाय | | |
| १ | कवाडी सामानको थोक बिक्रेता | १००० | |
| २ | मिठाई पसल | ५०० | ३०० |
| १५) | सा. उद्योग | | |
| १ | ग्रिल उद्योग | १५०० | १००० |
| २ | ब्लक उद्योग | १००० | |
| ३ | अन्य उद्योग | १५०० | |

बडीकेदार गाउंपालिकाका लागि आगामी आ.ब. २०७५।०७६ को लागि प्रस्तावित विभिन्न सिफारिश दस्तुरको विवरण र यसमा १० प्रतिशत थप गरेर आ.ब. ०७६।०७७ का लागि दर कायम गर्ने

| सि.न | विवरण | | आ व २०७५।०७६को लागि प्रस्तावित दर |
|---|---|---|---|
| १) | सिफारिस | | |
| १ | नाता प्रमाणित | | १०० |
| २ | नागरिकता सिफारिश | | |
| क) | वंशज, जन्मको नागरिकता सिफारिश | | १५० |
| ख) | वैवाहिक अंगिकृत नागरिकता सिफारिश गर्ने | | २०० |
| ३ | प्रतिलिपि नागरिकता सिफारिश | | १५० |
| ४ | राहदानी सिफारिश | | २५० |
| ५ | बहाल करको लेखाजोखा सिफारिश गर्ने | | १५० |
| ६ | मोहि लगत कट्टाको सिफारिश गर्ने | | १५० |

| | | | |
|---|---|---|---|
| ७ | घरजग्गा करको लेखाजोखा सिफारिश गर्ने | | २५० |
| ८ | जन्म मिति प्रमाणित तथा नाम थर सम्बन्धि सिफारिश गर्ने | | २५० |
| ९ | व्यापार व्यवसाय बन्द वा हुँदै नभएको सिफारिश गर्ने | | २५० |
| १० | मिलापत्रको सिफारिश | | २५० |
| ११ | विवाहित वा अविवाहित प्रमाणित गर्ने | | २०० |
| १२ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिश गर्ने | | ५० |
| १३ | अंग्रेजी माध्यममा सिफारिश तथा प्रमाणित गर्ने | | २०० |
| १४ | घर पाताल प्रमाणित गर्ने | | १५० |
| १५ | व्यक्तिगत विवरण प्रमाणित गर्ने | | २०० |
| १६ | पुर्जामा घर कायम गर्ने सिफारिश गर्ने | | १५० |
| १७ | मदिरा बीक्री इजाजत पत्र सिफारीस | | १०००० |
| १८ | मदिरा बीक्री इजाजत पत्र नविकरण | | ५००० |
| १९ | नामथर जन्ममिति संशोधनको सिफारिश गर्ने | | ३०० |
| २० | जग्गाधनी पुर्जा हराएको सिफारिश गर्ने | | २०० |
| २१ | कागज र मन्जुरीनामा प्रमाणित गर्ने | | १५० |
| २२ | कित्ताकाट गर्न सिफारिश गर्ने | | २०० |
| २३ | सरक्षक प्रमाणित तथा सस्थागत व्यक्तिगत संरक्षक सिफारिश गर्ने | | १५० |
| २४ | हकवाला वा हकदार प्रमाणित गर्ने | | २०० |
| २५ | नामसारी सिफारिश गर्ने | | २०० |
| २६ | जग्गा हक सम्बन्धमा सिफारिश गर्ने | | २०० |
| २७ | मृतकसँग नाता प्रमाणित तथा सर्जमीन मुचुल्का गर्ने | | २५० |
| २८ | उद्योग दर्ता सिफारिश | | |
| क | साना उद्योग | | ५०० |
| ख | मझौला उद्योग | | ७५० |
| ग | ठुला उद्योग | | १००० |
| २९ | उद्योग ठाउँसारी गर्न सिफारिश गर्ने | | ३००० |
| ३० | जीवित रहेको सिफारिश गर्ने | | १५० |
| ३१ | पूर्व प्राथमिक विद्यालय खोल्न सिफारिश र अनुमति दिने | | ५०० |
| ३२ | जग्गा मुल्याङ्कन सिफारिश मुल्याङकन गर्न | | |
| क | रु पचास लाख सम्म | | ५००० |
| ख) | रु पचासलाख भन्दा माथि प्रति लाख | | २०० थप |
| ३३ | विद्यालयको कक्षा थप गर्न सिफारिश गर्ने | | |
| क | सामुदायिक वा सरकारी | | |
| | क. वाल विकास केन्द्र सञ्चालन अनुमति | | १०० |
| | ख. आधारभूत विद्यालय | | २०० |
| | ग. मा.वि. | | ५०० |
| | घ. स्नातक र स्नातकोत्तर | | १००० |
| ख | िनिजि | | |

| | | | |
|---|---|---|---|
| | क. वाल विकास केन्द्र सञ्चालन अनुमति | | ५०० |
| | ख. आधारभूत विद्यालय | | १००० |
| | ग. मा.वि. | | १५०० |
| | घ. स्नातकर स्नातकोत्तर | | २००० |
| ३४ | पालन पोषणका लागि सिफारिश गर्ने | | निशुल्क |
| ३५ | आर्थिक अवस्थाको सिफारिश गर्ने | | |
| क | विपन्नताको सिफारिश | | १०० |
| ख) | सम्पन्नताको सिफारिश | | ५०० |
| ३६ | विद्यालय ठाउँसारी गर्न सिफारिश गर्ने | | २५० |
| ३७ | टेलिफोन, धारा तथा विद्युत जडानको सिफारिश गर्ने | | |
| क) | आर.सी.सी. पक्की घर | | २०० |
| ख) | अन्य घर | | १०० |
| ३८ | काठ दाउराको सिफारिस | | कुका७ २५० |
| ३९ | सर्जमिन मुचुल्का गरेको शूल्क | | २५० |
| ४० | चारित्रिक सिफारिस | | १५० |
| ४१ | भवन निर्माणको साधारण स्वीकृति सम्बन्धी सिफारिस | | ३०० |
| ४२ | छात्रवृत्ति सम्बन्धी सिफारिस | | निशुल्क |
| ४३ | पेन्सन मिलान सिफारिश | | २५० |
| ४४ | संस्था दर्ता सिफारिश | | ५०० |
| ४५ | जातीय पहिचान सिफारिश | | १५० |
| ४६ | प्रत्यायोजित अधिकार बमोजिम अन्य सिफारिश | | १५० |
| ४७ | क सम्पती मुल्याङ्कन शुल्क | | १ प्रती हजारमा |
| | ख विदेश अध्ययन गर्न जानेको लागी | | |
| | ५० लाख सम्मको मुल्याङ्कनमा | | ३००० |
| | ५० लाख देखी १ करोड सम्मको मुल्याङ्कनमा | | ४००० |
| | १ करोड भन्दा माथीको मुल्याङ्कनमा | | ६००० |
| ४८ | आय स्रोत प्रमाणीत दस्तुर | | १ प्रती हजारमा |
| ४९ | ताला बन्दी कोठा खोल्ने सेवा शुल्क दस्तुर | | १००० |
| २) | अन्य दस्तुर | | |
| १ | निवेदन दस्तुर | | १० |
| २ | अनुसुची फाराम | | १० |
| ३ | पंजिकरण विलम्व दस्तूर | | ५० |
| ४ | कोटेशन फाराम शुल्क | | आर्थिक नियमावली अनुसार |
| ५ | टेण्डर फाराम शुल्क | | आर्थिक नियमावली अनुसार |
| ६ | निवेदन नक्कल प्रति पाना | | |
| क | कार्यालयको तर्फबाट गरिदिनुपरेमा | | ७ प्रतिपाना |
| ख) | आफैले गरि लगेमा | | ५ प्रतिपाना |
| ७ | भरुवा बन्दूक नवीकरण दस्तूर | | ५०० |

| | | | |
|---|---|---|---|
| ८ | घर निर्माण नक्शाको प्रतिलिपि दस्तूर | | १५० |
| ३) | पटके सवारी कर | | |
| १ | बस, ट्रक | ० | १०० |
| २ | ट्याक्टर ठूलो (४० हर्षपावरभन्दा बढी) | ० | १०० |
| ४ | मिनी बस, ट्रक, जिप | ० | ६० |
| ५ | ट्याक्टर सानो (४० हर्षपावरभन्दा घटी) | ० | ५० |
| ६ | निजी कार, भाडा कार | ० | ५० |
| ७ | मोटरसाइकल स्कुटर | ० | २० |
| ८ | विदेशी बस ट्रक | ० | २०० |
| ९ | विदेशी मिनी बस, ट्रक, जिप | ० | १५० |
| १० | विदेशी कार र ट्याक्सी | ० | १५० |
| ४) | प्राकृतिक साधन उपयोग कर | | |
| १ | गिटी ढुंगा (प्रति हेभी ट्रक) | | ५०० |
| २ | गिटी ढुंगा (प्रति मिनी ट्रक) | | ४०० |
| ३ | गिटी ढुंगा (प्रति ट्याक्टर) | | २०० |
| ४ | वालुवा (प्रति ट्रक) | | ३०० |
| ५ | कालीमाटी र रातो माटो (ट्रक) | | २०० |
| ६ | कालीमाटी र रातो माटो (प्रति मिनी ट्रक ट्याक्टर) | | १०० |
| ७ | कालीमाटी र रातो माटो (पावर टिलर) | | ५० |
| ८ | सल्लाको काकाकाबन | | प्रति केजि रु २ |
| ५) | सार्वजनिक जग्गामा बनेका घर, टहरा, घुम्ती, गोदाम वा अन्य कुनै संरचना सम्वन्धमा । | | |
| १ | सार्बवजनिक स्थानमा वनेका घर सटरहरुको | प्रति सटर,कोठा | नियमानुसार |
| २ | घुम्ती पसलहरु मासिक | प्रति वर्ग मिटर | ५० |
| ३ | टहराहरु मासिक | प्रति वर्ग मिटर | ५० |
| ४ | गोदामहरु मासिक | प्रति वर्ग मिटर | ५० |
| ५ | सभाहल भाडा | प्रति दिन | १५०० |
| ६ | हाट बजार कर | वडा कार्यालयले न्युनतम ५० देखी सीमा हेरि लगाउने । | |
| ७ | अन्य संरचनाहरु मासिक | गाउंपालिकाको निर्णयानुसार | |
| ट) | घर कर | | |
| १ | कच्ची घर | | १०० |
| २ | लेन्टर पक्की घर | | १५० |
| | | | |
| सिफारिस दस्तुरबाट आउने आम्दानीको हिसाव गर्दा अघिल्लो आ.ब.मा भएका सिफारिस संख्याको बृद्धिदर समेतलाई समाबेस गरि संख्या लाई दस्तुरले गुणा गरेर यस आर्थिक बर्षको अनुमानित आय निकाल्ने वा माषिक प्रगतिको आधारमा अनुपातमा बार्षिक निकाल्ने | | | |

# बडीकेदार गाउँपालिका, डोटी
## राजश्व शाखाको संस्थागत सुधार (खाका) कार्य योजना २०७५

| क.स. | क्रियाकलापहरु | समय तालिका | | | जिम्मेवारी | स्थान | प्रमाणिकरणका साधनहरु/ सूचकहरु | लगत | विद्यमान अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | | | | | | |
| क | **राजश्व प्रशासन सम्बन्धी क्रियाकलापहरु** | | | | | | | | | |
| १ | **राजश्व बृद्धि तथा व्यवस्थापन र सुचना व्यवस्थापन** | | | | | | | | | |
| २ | बैकिंग पद्धती द्धारा कर संकलन कार्य संचालन | | | | राजश्व शाखा | | बिशेष राजश्वहरु | | हाल कार्यालयबाट नगद राजश्व असुली गरेको । | |
| ३ | समयमै भवन निर्माण सुपरिबेक्षण र सम्पत्ती मुल्यांकन सम्बन्धि कार्य | | | | योजना तथा प्राबिधिक शाखा | | सम्पत्ती मुल्यांकन कार्य समयमै भएको हुनु पर्ने | | हाल प्रयाप्त मात्रामा गर्न नसकेको | |
| ४ | राजश्व संकलन र व्यवस्थापनका लागि कर्मचारी क्षमता अभिबृद्धि | | | | गाउंपालिका बोर्ड | | राजश्व शाखामा कार्यरत कर्मचारीहरुको क्षमतामा अभिवृद्धि भएको | १,००,०००।- | राजश्व व्यवस्थापन सम्बन्धी सफ.टवयर संचालन गर्न नसकेको | |
| ५ | नगरक्षेत्र भित्रका समाजसेवी, भद्र भलादमी,व्यवसायी, करदाता आदी संग नियमित अन्तरकृया गर्ने | | | | गाउंपालिका बोर्ड र राजश्व शाखा | | नियमित रुपमा मासिक बैठक | १,००,०००।- | हाल नगरेको । | |
| ६ | वेबसाईट तयार गर्ने, पत्रपत्रिका प्रकाशन गर्ने र कर सम्बन्धि जागरण सूचना पार्टीहरु राख्ने/ विस्तार गर्ने | | | | राजश्व शाखा र सुचना केन्द्र | | नागरपालिकामा नियमित पत्रपत्रिका प्रकाशन जगरेको, बितरण जगरेको र सुचनाको उपलब्धता जरहेको | ३,००,०००।- | सामुदायिक रेडियो मार्फत विभिन्न जानकारीहरु प्रसारण नगरेको | |
| ७ | नागरिकहरुको सामाजिक तथा आर्थिक दायित्व सम्बन्धि बिशेष रेडियो तथा टी.भी कार्यक्रमहरु तयारी र प्रशारण गर्ने | | | | राजश्व शाखा र सुचना केन्द्र | | नियमित रुपमा रेडियो र टी.भीबाट प्रशारण नभएको | ८०,०००।- | नगरेको । | |
| ८ | सिकाई आदानप्रदानका लागि गाउंपालिकाको अध्ययन अवलोकन | | | | गाउंपालिका बोर्ड | | बर्षिक रुपमा | ५०,०००।- | नियमित रुपमा संचालन नभएको | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भ्रमणहरुको आयोजना गर्ने | | | | | | | | |
| ९ | सचेतना सम्बन्धि कार्यक्रमहरु संचालन गर्ने | | | | गाउंपालिका बोर्ड | | बर्षको अन्तमा प्रदर्शनी भएको | ७५,०००।- | हाल नभएको | |
| १० | नगर मामिला र खर्च सम्बन्धि सहभागितात्मक योजना, बजेटिंग अनुगमन र मुल्यांकन गर्ने | | | | गाउंपालिका बोर्ड | | बुझाईको प्रतिशत सुधार भएको हुने | २,५०,०००।- | हाल नभएको | |
| ११ | सूचना आदान प्रदान कार्यलाई सरकारी, गैरसरकारी तथा अन्य सरोकारवालाहरु बीचमा उत्साहका लागि जोड दिने | | | | | | जनताको सचेतना प्रतिशत बढेको | १,५०,०००।- | अप्रयाप्त | |
| १२ | नागरिक गुनासो तथा सहकार्यताको पहिचान तथा पुरस्कृत | | | | | | | | | |
| १३ | नागरिक गुनासो सुन्ने संयन्त्र निर्माण | | | | गाउंपालिका बोर्ड | | एकिकृत सेवा प्रवाह र स्रोत योजनाको उपलब्धता | | अप्रयाप्त | |
| १४ | सेवाग्राही फोन सेवा सुबिधा सेलको निर्माण | | | | | | बिभिन्न संस्थाहरु बीचमा जानकारीको पहुँच बढेको तथा सुधारीएको | ५०,०००।- | नगरवासीमा अपनत्वमा कमी रहेको | |
| १५ | पूर्वाधार विकासको लागि PPP सम्बन्धि पूर्व सम्भाव्यता अध्ययन संचालन गर्ने | | | | | | संस्थाहरु बीचको सहकार्य प्रयासहरु सुधारीएको हुने | | समन्वय नभएको | |
| १६ | क्षेत्रगत सरसफाई रणनैतिक योजना निर्माण तथा कार्यान्वयन गर्ने | | | | | | | | | |
| | सेवाग्राहीको सेवा सुधारको संस्कारको विकास | | | | गाउंपालिका बोर्ड | | कर्मचारी तथा करदाता पुरस्कृत हुनेको संख्या बढेको | ५०,०००।- | नियमित रुपमा नभएको | |
| १७ | दण्ड जरीवाना | | | | गाउंपालिका बोर्ड | | कानुनको पालना | | प्रयाप्त नभएको | |
| १८ | सम्पत्ती लिलाम तथा बिक्री | | | | गाउंपालिका बोर्ड | | उपलब्धता | | प्रयाप्त नभएको | |
| १९ | धरौटी जफत | | | | गाउंपालिका बोर्ड | | | | हाल प्रयाप्त नभएको | |
| २० | बिटौरी कर | | | | गाउंपालिका बोर्ड | | निजी साझेदारको संख्यामा बृद्धि | ३,००,०००।- | हाल नभएको | |
| २१ | घर बहाल कर | | | | गाउंपालिका | | उपलब्धता | | नभएको | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बोर्ड | | | | |
| २२ | ठेक्का पट्टा कर | | | | गाउंपालिका बोर्ड, प्रशासन | | रणनैतिक योजना तयार भएको, फोहर उत्पादनको प्रतिशत घटेको, सफा सुग्घर शहरहरुको मात्रा आदी | | राजश्व संकलन नभएको | |
| २३ | बिभिन्न सिफारीस दस्तुर आदी (दर्ता, नविकरण, प्रमाणित आदि | | | | गाउंपालिका बोर्ड, प्रशासन | | संख्यामा अभिवृद्धि | १,००,०००। - | प्रयाप्त नभएको | |
| २४ | अचल सम्पत्ती मुल्यांकन सेवा शुल्क | | | | प्रशासन | | संख्यामा अभिवृद्धि | | प्रयाप्त नभएको | |
| २५ | सार्वजनिक निजी साझेदारी | | | | | | | | | |
| २६ | जनशक्ति | | | | राजश्व शाखा | फिल्ड तथा कार्यालय | पर्याप्त भएको हुने | १,००,०००। - | पर्याप्त नभएको | |
| २७ | कार्य कक्षको प्रयाप्तता | | | | राजश्व शाखा | | पर्याप्त भएको हुने | | पर्याप्त नभएको | |
| २८ | फर्निचरको व्यवस्थापन | | | | राजश्व शाखा | कार्यालय | पर्याप्त भएको हुने | | पर्याप्त नभएको | |
| २९ | कम्प्युटर | | | | राजश्व शाखा | | पर्याप्त भएको हुने | | पर्याप्त नभएको | |

बडीकेदार गाउँपालिका

# एकीकृत सम्पत्तिकर व्यवस्थापन कार्यविधि, २०७५

बडीकेदार गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

# एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५

## प्रस्तावना :

गाउँपालिकालाई स्थानीय स्रोतको परिचालनमा सक्षम र प्रभावकारी बनाउन तथा संविधान तथा कानूनद्वारा प्रदत्त राजस्व अधिकारको उपयोग गर्दै स्थानीय कर संकलन र व्यवस्थापनमा आत्मनिर्भर बनाउन बाञ्छनीय भएकोले,

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ ले गाउँपालिकालाई आफ्नो क्षेत्रभित्र एकीकृत सम्पत्ति कर लगाउन सक्ने गरी प्रदान गरेको अधिकारलाई कार्यान्वयनमा ल्याउन र एकीकृत सम्पत्तिकर व्यवस्थापन प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्न,

बडीकेदार गाउँपालिकाको स्थानीय आर्थिक ऐन, .... को दफा .. बमोजिम गाउँ कार्यपालिकाको मिति ..................बैठकबाट यो **एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि,२०७५** स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद - १

## परिभाषा र व्याख्या

१. **संक्षिप्त नाम तथा प्रारम्भ :** यो कार्यविधिको नाम "एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५" रहेको छ र यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउँछ ।

ख) "गाउँपालिका" भन्नाले बडीकेदार गाउँपालिकालाई जनाउँछ ।

ग) "सभा" भन्नाले बडीकेदार गाउँपालिकाकाको गाउँ सभालाई जनाउँछ ।

घ) "कार्यपालिका" भन्नाले बडीकेदार गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउँछ ।

ङ) "एकीकृत सम्पत्ति कर" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ को उपदफा (१) बमोजिम बडीकेदार गाउँपालिकाकाको क्षेत्रभित्र कुनै व्यक्तिको स्वामित्वमा रहेको सम्पूर्ण घर र जग्गाको एकीकृत रुपमा हिसाव गरी लगाइने सम्पत्ति करलाई जनाउँछ ।

च) “सम्पत्ति” भन्नाले कुनै व्यक्तिका नाममा गाउँपालिका क्षेत्रभित्र रहेको जग्गा र त्यस्तो जग्गामा बनेको संरचनालाई जनाउँछ ।

छ) “संरचना” भन्नाले घर, टहरा, गोदाम, सेड, ग्यारेज, पर्खालजस्ता स्थायी निर्माणलाई जनाउँछ ।

ज) “सामुदायिक संस्था” भन्नाले गाउँपालिका क्षेत्रभित्र गठन भई गाउँपालिकामा सूचीकृत भएको समुदायमा आधारित संगठित संस्थालाई जनाउँछ ।

झ) “अध्यक्ष” भन्नाले गाउँ कार्यपालिकाको अध्यक्षलाई जनाउँछ ।

ञ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय प्रमुखको रुपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउँछ ।

ट) “मूल्यांकन समिति” भन्नाले एकीकृत सम्पत्ति कर प्रयोजनका लागि जग्गा तथा संरचनाको मूल्यांकन गर्न गाउँपालिकाद्वारा यस कार्यविधिको दफा (१२) बमोजिम गठित समितिलाई जनाउँछ ।

ठ) “बिजक” भन्नाले करदातालाई जानकारी दिने उद्देश्यले गाउँपालिकाले तयार गरेको सम्पत्तिको मूल्यांकन र सोमा लाग्ने करसम्बन्धी बिजकलाई जनाउँछ ।

ड) “करदाता” भन्नाले गाउँपालिका क्षेत्रभित्र जग्गा तथा संरचनाको स्वामित्व भएका व्यक्तिलाई जनाउँछ ।

ढ) “स्वयं विवरण दाखिला” भन्नाले करदाता आफैंले आफ्नो सम्पत्तिको यथार्थ विवरण खोली निर्धारित ढाँचामा गाउँपालिकामा बुझाउने कार्यलाई जनाउँछ ।

ण) “स्थलगत सर्वेक्षण” भन्नाले गाउँपालिकाद्वारा गठित कर्मचारीको टोली वा गाउँपालिकाबाट खटाएको कुनै कर्मचारीले स्थलगत रूपमा छलफलसमेत गरी सूचना संकलन गर्ने कार्यलाई जनाउँछ ।

त) “टोल विकास संगठन” भन्नाले समाज परिचालन प्रक्रिया मार्फत तोकिएको भौगोलिक क्षेत्रको टोल तथा समुदायको आर्थिक, सामाजिक तथा संस्थागत विकासका लागि एक परिवार एक सदस्यको अवधारणामा आधारित भई गठन र सञ्चालन भएको र गाउँपालिकामा सूचीकृत भएको स्थानीय स्तरको संघ, संस्था र समूहलाई जनाउँछ ।

थ) “निजी क्षेत्र” भन्नाले स्वीकृति प्राप्त निजी क्षेत्रका कम्पनी, फर्म, संस्था, व्यावसायिक व्यक्ति वा संगठित समूहलाई जनाउँछ ।

द) “सरोकारवाला” भन्नाले गाउँ कार्यपालिकाको निर्णयले प्रत्यक्ष रूपमा प्रभाव पार्ने व्यक्ति वा संस्थालाई जनाउँछ ।

ध) "सम्पत्ति धनी" भन्नाले गाउँपालिका क्षेत्रभित्र आफ्ना नाममा जग्गा तथा संरचना भएका व्यक्ति, सरकारी तथा अर्ध सरकारी निकाय वा संघसंस्थालाई जनाउँछ ।

न) "कार्यालय" भन्नाले बडीकेदार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउँछ ।

## परिच्छेद - २

## एकीकृत सम्पत्ति करको दर तथा सम्पत्ति मूल्याङ्कन

३. **एकीकृत सम्पति करको दर** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने एकीकृत सम्पति करको दर **अनुसूची - १**को ढाँचामा बडीकेदार गाउँपालिकाको गाउँ सभाले स्वीकृत गरेको स्थानीय आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ । यस्तो कर आर्थिक बर्षकोश्रावण १ गतेदेखि लागु हुनेछ ।

(२) उपदफा (१) बमोजिम कर लागु गर्दा आर्थिक बर्षको शुरु महिनाको शुरु दिन बाहेक अघि वा पछि हुने गरी लगाइने छैन ।

४. **एकीकृत सम्पत्ति मूल्याङ्कन प्रकृया** :(१) दफा ३ बमोजिम कर लगाउने प्रयोजनको लागि गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गालाई आवश्यकता अनुसार क्षेत्र विभाजन गरी त्यस्तो क्षेत्र वा प्रत्येक वडाका बासिन्दाको एकीकृत सम्पत्तिको विवरणको लगत कायम गरी **अनुसूची-२** को ढाँचामा तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण तयार भएपछि एकीकृत सम्पत्तिको मूल्याङ्कनका लागि गाउँपालिकाले दक्ष र विशेषज्ञ समेत रहेको बढीमा ५ जनाको मूल्याङ्कन समिति गठन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित समितिको कार्यावधि तीन वर्षको हुनेछ ।

(४) मूल्याङ्कन समितिले एकीकृत सम्पति करलगाउनयोग्य मूल्य निर्धारण गर्न सिफारिस गर्दा देहायका आधारमा गर्नेछः-

(क) एकीकृत सम्पत्ति करलगाउनयोग्य मूल्य निर्धारण गर्दा प्रचलित बजार भाउलाई आधार मान्ने,

(ख) भौतिक संरचनाको मूल्य प्रचलित बजार भाउबाट कायम हुन आएको मूल्यमा ह्रासकट्टी गर्ने,

(ग) खण्ड (क) बमोजिम मूल्याङ्कन गर्ने प्रयोजनको लागि ह्रासकट्टी गर्दा संरचनाको वनोटको आधारमा प्रत्येक तीन वर्षमा छ प्रतिशतदेखि बीस प्रतिशतसम्म गर्ने,

(घ) जग्गा बाहेक अन्य भौतिक संरचनाको मूल्याङ्कन दर संरचनाको बनोट, त्यसको आर्थिक उपयोगको महत्वको आधारमा  मूल्य निर्धारण गर्ने,

(ङ) भौतिक संरचनाको मूल्य निर्धारण गर्दा क्षतिग्रस्त वा भत्केको अवस्था भएमा क्षतिग्रस्त वा भत्केको भाग बराबरको मूल्य घटाउने ।

(५) उपदफा (४) बमोजिम एकीकृत सम्पत्तिको मूल्याङ्कन सिफारिस भइसकेपछि गाउँपालिकाले एकीकृत सम्पतिको मूल्याङ्कन दर अघिल्लो आर्थिक बर्षको असार महिनाभित्र निर्धारण गरि सक्नु पर्नेछ ।

५. **कर असूली प्रकृया:**(१) दफा (४) बमोजिम कायम गरिएको करयोग्य सम्पत्तिको मूल्याङ्कन र सो बमोजिम लागेको एकीकृत सम्पत्ति कर भुक्तानीको लागि गाउँपालिकाले सम्बन्धित करदाता समक्ष मंसिर महिनाभित्र बिजक पठाइ सक्नु पर्नेछ ।

(२) उपदफा (२) बमोजिम प्राप्त बिल अनुसारको बुझाउनु पर्ने कर सम्बन्धित करदाताले सोही आर्थिक वर्षभित्र गाउँपालिकामा बुझाउनु पर्नेछ ।

६. **कर नलाग्ने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको सम्पत्तिमा एकीकृत सम्पत्ति कर लाग्ने छैन :-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको भवन र जग्गा,

(ग) गुठीको स्वामित्वमा रहेको जग्गा,

(घ)सरकारी शिक्षण संस्था र अन्य सरकारी निकायको स्वामित्वमा रहेको भवन र जग्गा,

(ङ) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को भवन र जग्गा,

(च) खानेपानी सङ्कलन पोखरी, हवाई मैदान, विद्युत उत्पादन गृह, मसानघाट, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू,

(छ) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका भवन र जग्गा ।

(२) यस कार्यविधि बमोजिम एकीकृत सम्पत्ति कर लागेको सम्पत्तिमा भुमिकर (मालपोत) लगाइने छैन ।

# परिच्छेद - ३

## एकीकृत सम्पत्तिको विवरण संकलन तथा अभिलेख सम्बन्धी व्यवस्था

७. **एकीकृत सम्पत्तिको विवरण संकलन विधि :** (१) गाउँपालिकाले एकीकृत सम्पत्ति कर लागू गर्ने प्रयोजनका लागि अघिल्लो आर्थिक वर्षदेखि नै करदाताका नाममा रहेको एकीकृत सम्पत्तिको विवरण संकलन कार्यको सुरुआत गर्नेछ ।

(२)गाउँपालिकाले एकीकृत सम्पत्तिको विवरण संकलनका लागि गाउँपालिकाको आफ्नै स्रोत र प्रयासबाट गाउँपालिका क्षेत्रमा रहेका प्रत्येक व्यक्तिका नाममा रहेको सम्पत्तिको पहिचान गरी एकीकृत सम्पत्तिको लगत तयारी तथा अद्यावधिक गर्न स्थलगत सर्वेक्षण विधि वा करदाता स्वयंले उपलब्ध गराएको विवरणका आधारमा प्रत्येक व्यक्तिका नाममा रहेको सम्पत्तिको पहिचान गर्ने विधीमध्ये कुनै एक वा मिश्रित विधि प्रयोग गरी एकीकृत सम्पत्तिको लगत तयार गर्न सक्नेछ ।

(३) गाउँपालिकाले करदाताहरूको सम्पत्तिको विवरण संकलन गर्नका लागि उपदफा (२) बमोजिम विधिको छनोट गरी सकेपछि सोको कार्यान्वयनका लागि कार्ययोजना सहितको परियोजना प्रस्ताव स्वीकृत गर्नुपर्नेछ ।

(४) सम्पत्तिको विवरण संकलनका लागि परियोजना प्रस्ताव बमोजिमको कार्य गर्न मौजुदा जनशक्ति अपर्याप्त भई थप जनशक्तिको आवश्यकता परेमा त्यस्तो जनशक्ति प्रचलित कानुनबमोजिम करारमा नियुक्त गरी वा गुठी वा टोल विकास संगठन वा अन्य संगठित वा सामुदायिक संघसंस्थासँग सम्झौता गरी सेवा करारमा लिन सकिनेछ ।

८ **स्वयं विवरण दाखिला सम्बन्धी व्यवस्था :** (१) गाउँपालिकाले प्रत्येक तीन वर्षमा एकपटक गाउँपालिका क्षेत्रभित्रका सम्पत्ति धनीहरूलाई **अनुसूची – ३** बमोजिमको ढाँचामा सम्पत्ति विवरण दाखिला गर्ने सूचना आह्वान गर्नेछ । यस्तो सूचना प्रकाशन र प्रसारण गर्दा उपलब्ध सञ्चारका माध्यमहरूलाई प्रयोगमा ल्याउनु पर्नेछ ।

(२) गाउँपालिकाले एकीकृत सम्पत्ति कर लागू गर्ने आर्थिक वर्ष सुरु हुनुअगावै उपदफा (१) बमोजिमको सूचना जारी गरी करदाताहरूबाट सम्पत्ति विवरण दाखिला गर्ने म्याद दिनु पर्नेछ ।

(३) गाउँपालिकाले उपदफा (१) र (२) बमोजिमको सूचना जारी गर्दा पहिलोपटक करदाताहरूलाई विवरण दाखिला गर्न पैंतीस (३५) दिनको म्याद दिनेछ । उक्त म्यादभित्र विवरण दाखिला हुन नसकी म्याद बढाउन आवश्यक ठानेमा पटकपटक गरी बढीमा तीन महिनासम्म म्याद बढाउन सक्नेछ ।

(४) गाउँपालिकाले उपदफा (३) बमोजिम सम्पत्तिको विवरण दाखिला गर्न आह्वान गरेको समयावधिभित्र **अनुसूची ४** बमोजिमको फाराममा आ-आफ्नो जग्गा तथा संरचनाको सत्य तथ्य विवरण भरी गाउँपालिकामा पेश गर्नु सम्बन्धित सम्पत्ति धनीको कर्तव्य हुनेछ ।

(५) सम्पत्ति धनीहरूलाई विवरण फाराम भर्न सहयोग गर्नका लागि गाउँपालिकाले आवश्यकता अनुसार स्थानीय संघसंस्था, सामुदायिक संस्था, टोल विकास संगठन तथा स्वयंसेवकहरूलाई परिचालन गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिमका संघ, संस्था, संगठन तथा स्वयंसेवकहरू परिचालन गर्दा एकीकृत सम्पत्ति करसम्बन्धी अभिमुखीकरण गर्नु पर्नेछ ।

(७) कुनै करदाताले सम्पत्तिको विवरण दाखिला गरेपछि जग्गाको स्वामित्वमा परिवर्तन वा संरचना निर्माणका कारणले सम्पत्ति थपघट भएमा प्राप्त गर्नेले वा निर्माण गर्नेले सोको प्रमाण सहितको विवरण पैंतीस (३५) दिनभित्र गाउँपालिकामा बुझाउनु पर्नेछ ।

(८) सम्पत्तिको विवरण सम्पत्ति धनी स्वयंले गाउँपालिकामा दाखिला गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम सम्पत्ति धनी स्वयं उपस्थित भई विवरण दाखिला गर्न नसकेमा सगोलको परिवारका कानुन बमोजिम उमेर पुगेका कुनै सदस्यले वा सम्पत्ति धनीको वारेसनामा प्राप्त व्यक्तिले दाखिला गर्न सक्नेछन् । परिवारका अन्य सदस्य नभएका नाबालक तथा अशक्तका हकमा वडा समितिको सिफारिश सहित निजको संरक्षकले सम्पत्ति विवरण बुझाउन सक्नेछ ।

(१०) संयुक्त स्वामित्वमा रहेको सम्पत्तिको विवरण सम्पत्ति धनीहरूले संयुक्त रूपमा वा सोमध्ये कुनै एकजनाले दाखिला गर्न सक्नेछ ।

(११) कुनै करदाताले उपदफा (३) को समयावधिभित्र सम्पत्ति विवरण फाराम दाखिला गाउँमा वा झुट्टा विवरण दाखिला गरेमा गाउँपालिकाले दफा (१८)बमोजिम थप शुल्क लिई विवरण फाराम बुझिलिन सक्नेछ ।

९. **सम्पत्तिको प्रमाण तथा विवरण संकलन सम्बन्धी व्यवस्था :** (१) करदाताले जग्गाको विवरण दाखिला गर्दा क्षेत्रफल समेत खुलेको आफ्नो स्वामित्वको प्रमाण साथै पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पेस भएको प्रमाण आधिकारिक नभएमा त्यस्तो जग्गाको विवरण गाउँपालिकाले स्वीकार गर्ने छैन ।

(३) करदाताहरूले विवरण दाखिला गर्दा देहाय बमोजिमका कागजातहरू समेत संलग्न गरी पेश गर्नु पर्नेछ ।

क) एकीकृत सम्पत्ति कर लागू हुनुभन्दा अघिल्लो आर्थिक वर्षसम्मको मालपोत वा भूमिकर तिरेको निस्सा वा गाउँपालिकाको प्रमाणित विवरण ।

ख) जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपि वा जग्गाको स्वामित्व र क्षेत्रफल खुलेको प्रमाण कागजात ।

ग) निर्माण सम्पन्न भएको वा घर भएको प्रमाण ।

(४) दफा (६) बमोजिम एकीकृत सम्पत्ति कर नलाग्ने भनी तोकिएको सम्पत्तिमा प्रचलित कानुन बमोजिम एकीकृत सम्पत्ति कर लाग्ने कुनै व्यक्ति, संघ, संस्था वा निकायले निश्चित अवधिसम्म प्रयोग गर्ने गरी कुनै संरचना निर्माण गरेमा यस्तो संरचनाको विवरण दाखिला गर्ने र एकीकृत सम्पत्ति कर बुझाउने दायित्व सम्बन्धित निर्माणकर्ताको हुनेछ ।

(५) प्रचलित कानुन बमोजिम नक्सापास गरी निर्माण गर्नुपर्ने तर नक्सा पास गाउँ निर्माण भएका संरचनाको सम्पत्ति विवरण बुझ्दा गाउँपालिकाले नक्सापास दस्तुरबापत लाग्ने रकमको अनुमान गरी सो को दुई गुना धरौटी लिई सम्पत्ति विवरण स्वीकार गर्न सक्नेछ । यस्ता संरचनाको हकमा करदाताले दिएको विवरणलाई नै आधार मानी घरको आकार, प्रकार एवं निर्माण मिति कायम गरी सम्पत्तिको मुल्यांकन गरिने छ । यो ब्यवस्था भवन निर्माण सम्वन्धि मापदण्ड पालना नभई निर्माण भएका संरचनाहरुको हकमा पनि लागु हुनेछ ।

तर, यसरी स्वीकार गरिएको संरचनाको विवरणको कारणले यस्ता भवन नक्सा पास भएको वा मापदण्ड पुगेको मानिने छैन ।

(६) कर तिर्ने दायित्व भएका कुनै सम्पत्ति धनीको जग्गामा निजको मञ्जुरनामा लिई अर्को व्यक्तिले संरचना निर्माण गरेमा संरचना समेतको विवरण दाखिला गर्ने तथा कर बुझाउने दायित्व सम्बन्धित जग्गा धनीको हुनेछ ।

(७) करदाताले भरेको विवरण तथा प्रमाण जाँच गरी दर्ता गर्न गाउँपालिकाले कर्मचारी वा टोली खटाउन सक्नेछ । यस्ता कर्मचारी वा टोलीले बुझ्न चाहेको सूचना वा माग गरेको विवरण उपलब्ध गराउनु सम्बन्धित सम्पत्ति धनीको कर्तव्य हुनेछ ।

(८) गाउँपालिकामा एकीकृत सम्पत्ति कर विवरण दाखिला गरी सम्पत्ति कर बुझाएको सम्पत्ति गाउँपालिकामा दर्ता नभएको नयाँ व्यक्तीले खरिद गरेमा त्यस्तो व्यक्तिले ३५ दिन भित्र खरिद गरेको प्रमाण संलग्न गरी एकीकृत सम्पत्ति विवरण फाराम भरी गाउँपालिकामा बुझाउनु पर्नेछ । ढिलो गरी बुझाएमा तोकिए बमोजिमको थप शुल्क लिई गाउँपालिकाले विवरण बुझिलिन सक्नेछ ।

१०. **एकीकृत सम्पत्तिको अभिलेख सम्बन्धी व्यवस्था :** (१) गाउँपालिकाले वडागत रूपमा करदाताको लगत खडा गरी प्रत्येक सम्पत्ति धनीको सम्पत्तिको छुट्टाछुट्टै विवरण खुल्ने गरी अनुसूची - २ बमोजिमको ढाँचामा एकीकृत सम्पत्तिको अभिलेख राख्नु पर्नेछ ।

(२) एकीकृत सम्पत्ति विवरण अभिलेखलाई पुष्टी गर्ने कागजातहरु संकलन गरी व्यवस्थित रुपले फाईलिङ्ग गरी अद्यावधिक राख्नु पर्दछ ।

(३) एकीकृत सम्पत्तिको लगत किताब कम्तीमा तीन वर्षका लागि हुने गरी तयार गर्नु पर्नेछ । यस्तो लगत किताबमा करदाताले दफा ८ को उपदफा (७) बमोजिम पेस गरेको विवरणका आधारमा अद्यावधिक गर्नु पर्नेछ ।

(४) उपदफा (३) अनुसार सम्पत्ति विवरण अद्यावधिक गर्दा **अनुसूची –५** बमोजिमको दाखिला टिपोट भरी सोका आधारमा जग्गा दिनेको खाताबाट सम्पत्ति घटाई तथा जग्गा लिनेको खातामा सम्पत्ति बढाई अद्यावधिक गर्नु पर्नेछ ।

(५) गाउँपालिकाले करदाताले पेस गरेका विवरणहरूस्थलगत निरीक्षण वा सम्बन्धित निकायबाट सूचना प्राप्त गरी अद्यावधिक गर्न सक्नेछ ।

(६) गाउँपालिकाले एकीकृत सम्पति कर व्यवस्थापन गर्न कम्प्युटरीकृत प्रविधि प्रयोग गर्न सक्नेछ ।

## परिच्छेद - ४

## एकीकृत सम्पत्तिको मूल्यांकन सम्बन्धी व्यवस्था

**११. सम्पत्तिको मूल्यांकन विधि :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै एक व्यक्तिका नाममा विभिन्न स्थानमा रहेका सम्पत्तिहरूलाई अलग अलग मूल्यांकन गरी एकीकृत गरिनेछ ।

(२) संयुक्त स्वामित्वमा रहेको सम्पत्तिलाई एक व्यक्तिसरह मानी सोहीबमोजिम करदाता कायम गरिनेछ । संयुक्त स्वामित्वको सम्पत्ति सोही व्यक्तिको अन्य सम्पतिमा जोडिने छैन ।

(३) एकीकृत सम्पत्तिकर प्रयोजनका लागि गाउँपालिकाले गरेको मूल्यांकन तीन वर्षसम्म कायम रहनेछ ।

(४) सम्पत्ति धनीले पहिलोपटक पेस गरेको सम्पत्ति विवरण थपघट भएमा वा दफा १३ को उपदफा (३) बमोजिम करदाताको सम्पत्तिको मूल्यांकन दर संशोधन भएमा त्यस्तो सम्पत्तिको पुनः मूल्यांकन गरिनेछ ।

(५) प्रत्येक आर्थिक वर्षको श्रावण १ गतेका दिन करदाताका नाममा कायम रहेको सम्पत्तिको मूल्यांकन गरी कर असुल गरिनेछ ।

(६) सम्पत्तिको मूल्यांकन प्रयोजनको लागि जग्गाधनी प्रमाणपुर्जाका आधारमा जग्गाको स्वामित्व तथा क्षेत्रफल कायम गरिनेछ ।

(७) दफा ९ को उपदफा (४) बमोजिम विबरण प्राप्त सम्पत्तिको मूल्यांकन गर्दा संरचनाको मात्र मूल्यांकन गरी एकीकृत सम्पत्ति कर असुल गरिनेछ ।

(८) संरचनाको मूल्यांकन प्रयोजनका लागि संरचनाको प्रकार, बनोटको किसिम, आकार, प्रयोग तथा निर्माण मिति करदाताले पेस गरेको विवरण अनुसार कायम गरिनेछ ।

तर, नक्सापास भएका संरचनाको हकमा नक्सापास प्रमाणपत्रलाई आधारका रूपमा लिन बाधा पुगेको मानिने छैन ।

(९) एउटै जग्गा धनिको नाममा रहेका सिमाना जोडिएका कित्ताहरुको मूल्यांकन गर्दा त्यस्तो जग्गाहरुमध्ये कुनै कित्ताले सडक छोएको रहेछ भने सम्पुर्ण जग्गालाई एउटै प्लट मानी मूल्यांकन गरीनेछ ।

तर, जग्गाको सडकले छोएको जग्गाको हद तोकिएको अवस्थामा सो हद भन्दा पछाडिको जग्गालाई सडकले छोएको कायम गरिने छैन ।

(१०) गाउँपालिकाले संरचनाको मूल्यांकन गर्दा सिनेमा हल, ठूला उद्योग, कलकारखाना जस्ता संरचनाहरुको स्थलगत रुपमा नै नापजाँच गरी मूल्यांकन गर्न सक्नेछ ।

१२ **मूल्यांकन समितिसम्बन्धी व्यवस्था :** (१) गाउँपालिकाले एकीकृत सम्पत्तिको मूल्यांकन आधार तयार गरी सिफारिस गर्न र मूल्यांकन सम्बन्धी समस्या समाधान गर्नका लागि रायसुझाव पेश गर्न देहाय बमोजिमको एकीकृत सम्पत्ति कर मूल्यांकन समिति गठन गर्नेछ :-

१. अध्यक्ष : संयोजक

२. उपाध्यक्ष : सदस्य

३. प्रतिनिधी, मालपोत कार्यालय वा कार्यपालिकाको सम्बन्धित शाखा : सदस्य

४. प्रमुख प्रशासकीय अधिकृत : सदस्य

५. योजना शाखा प्रमुख : सदस्य

६. राजश्व शाखा प्रमुख : सदस्य सचिव

(२) मूल्यांकन समितिको बैठक कम्तिमा महिनामा एकपटक बस्नु पर्नेछ । समितिको सदस्यले गाउँ कार्यपालिका सदस्यले पाएसरह बैठकभत्ता पाउनेछ ।

(३) मूल्यांकन समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

क) गाउँपालिका क्षेत्रभित्रका जग्गाको क्षेत्र विभाजन गरी **अनुसूची -६** बमोजिमको ढाँचामा न्यूनतम मूल्यांकन दर सिफारिस गर्ने । यसरी मूल्यांकन सिफारिश गर्दा सडकले छोएको जग्गाको अधिकतम लम्वाईको सिमा समेत खोल्नु पर्नेछ ।

ख) संरचनाका हकमा सोको बनोट, रहेको स्थान, प्रयोग र लाभलाई समेत विचार गरी **अनुसूची –७** बमोजिमको ढाँचामा मूल्यांकन दर सिफारिस गर्ने ।

ग) जग्गा तथा संरचनाको मूल्यांकन दर सिफारिस गर्ने प्रयोजनका लागि स्थलगत अध्ययन, छलफल तथा परामर्श गोष्ठीको आयोजना गर्ने । छलफल एवं

परामर्शका लागि आवश्यकता अनुसार स्थानीय संघसंस्था तथा टोल विकास संगठनका प्रतिनिधिलाई समेत आमन्त्रण गर्ने ।

घ) सभाले स्वीकृत गरेको मूल्यांकनउपर कुनै करदातालाई चित्त नबुझी निवेदन दिएमा सोको जाँचबुझ गरी निर्णयका लागि गाउँपालिका समक्ष पेश गर्ने ।

ङ) मूल्यांकन सम्बन्धमा प्राप्त गुनासा तथा उजुरीहरूमा रायसहित निर्णयका लागि गाउँपालिका समक्ष सिफारिस सहित पेश गर्ने ।

च) एकीकृत सम्पत्ति कर व्यवस्थापनका लागि गाउँपालिकाले तोकिदिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

छ) मूल्यांकन समितिले सम्पत्ति मूल्यांकन गर्दा प्रचलित बजार मूल्यलाई आधार बनाउने ।

ज) करदाताले पेश गरेको जग्गाको मूल्यांकन अस्वभाविक रुपमा बढी पाइएमा छानविन गरी मूल्यांकन गर्ने ।

(४) मूल्यांकन समितिले रायसुझाव तथा सरसल्लाहका लागि आवश्यक ठानेका वडा अध्यक्ष तथा अन्य व्यक्तिलाई मूल्यांकन समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ । यस्ता आमन्त्रित सदस्यले मूल्यांकन समितिका सदस्यले पाएसरह सुविधा पाउने छन् ।

१३. **करदाताको सम्पत्तिको मूल्यांकन :** (१) प्रत्येक करदाताको सम्पत्तिको मूल्यांकन **अनुसूची - ८** बमोजिमको मूल्यांकन फारामको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारीले गर्नेछन् ।

तर,प्रमाणीक सफ्टवयर प्रयोग गरी सम्पत्तिको मूल्यांकन गर्न यसले वाधा पुर्‍याएको मानिने छैन ।

(२) जग्गाको मूल्यांकन गर्दा सामान्यतः करदाता स्वयंले पेश गरेको मूल्यांकन दरका आधारमा गरिनेछ ।

तर, करदाताले पेस गरेको मूल्यांकनको दर सभाले तोकेको न्यूनतम दरभन्दा कम भएमा सभाले तोकेको न्यूनतम मूल्यांकन दरअनुसार मूल्यांकन गरिनेछ ।

(३) करदाताले दाखिला गरेको मूल्यांकन दरमा सामान्यतया तीन वर्षसम्म कुनै पनि संशोधन गरिने छैन ।

तर, करदाताले आफ्नो सम्पत्तिको मूल्यांकनमा संशोधन गर्न चाहेमा निजको निवेदनका आधारमा कारण मनासिव भएमा गाउँपालिकाले तीन वर्षमा एकपटकसम्म मूल्यांकन दर संशोधन गरिदिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम मूल्यांकन दर संशोधन गर्दा सभाले स्वीकृत गरेको न्यूनतम मूल्यांकन हदभन्दा कम हुने गरी संशोधन गर्न सकिने छैन ।

(५) संरचनाको मूल्यांकन प्रयोजनका लागि ह्रास कट्टी गर्दा **अनुसूची- ९** बमोजिमको दररेट अनुसार तीन वर्षका लागि एकैपटक गरिनेछ । यसरी ह्रास कट्टी गर्दा संरचनाको दश प्रतिशत मूल्यलाई शेष मूल्य कायम राखि नब्बे प्रतिशतसम्म ह्रास कट्टी गरिनेछ ।

१४. **विवरण पेस नगर्ने करदाताको सम्पत्तिको मूल्यांकन सम्बन्धी व्यवस्था :** (१) कुनै करदाताले आफ्नो सम्पत्तिको विवरण दाखिला गाउँमा गाउँपालिकाले त्यस्ता व्यक्तिलाई विवरण दाखिला गर्न लिखित आदेश वा सूचना दिन सक्नेछ । त्यस्तो आदेश वा सूचनाको जानकारी पत्रपत्रिका, इमेल वा फ्याक्समार्फत पनि जारी गर्न सकिनेछ । यस्तो आदेश पाएको वा सूचना जारी भएको मितिले वाटोको म्याद वाहेक तीस दिनभित्र आफ्नो सम्पत्तिको विवरण दाखिला गर्नुपर्ने दायित्व सम्बन्धित करदाताको हुनेछ ।

(२) उपदफा (१) बमोजिम सम्पत्तिको विवरण दाखिला गर्न दिएको समयावधिभित्र सम्पत्तिको विवरण दाखिला गाउँमा प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको कर्मचारीले स्थलगत रूपमा बुझी अनुमानित कर तोकी विवरण बुझाउन लिखित आदेश दिन सक्नेछ ।

तर, मूल्यांकन समिति कार्यरत रहेको अवस्थामा भने यस बुँदा बमोजिमको कार्य मूल्यांकन समितिले गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको आदेश पाएको मितिले पैंतीस (३५) दिनभित्र यथार्थ विवरण पेश गरी जरिवानाका साथै कर रकम चुक्ता गर्ने दायित्व सम्बन्धित करदाताको हुने छ ।

(४) उपदफा (२) बमोजिमको आदेश पाएको मितिभित्र पनि करदाताले विवरण बुझाई कर दाखिला गाउँमा गाउँपालिकाले निजको नाममा रहेको चलअचल सम्पत्ति रोक्का राखी सेवा वन्द गर्ने वा अन्य कुनै तरिकाले कर असुल गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कर असुल गर्दा प्रमुख प्रशासकीय अधिकृतले लागेको सम्पूर्ण खर्चसमेत सम्बन्धित करदाताबाट असुलउपर गर्न सक्नेछ । यस्तो खर्च निजले तिर्नुपर्ने कर रकमको दोब्बरभन्दा बढी हुनेछैन ।

(६) कुनै करदाताले बैंक वा वित्तिय संस्थामा धितोवापत राखेको सम्पत्तिको बैंकले एकीकृत सम्पत्ति कर चुक्ता गर्न चाहेमा बैंकको अनुरोधमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो धितो जग्गाको मात्र मूल्यांकन गरी एकीकृत सम्पत्ति कर असूल गर्न सक्नेछ ।

## परिच्छेद - ५

## एकीकृत सम्पत्तिकरको दररेट निर्धारण तथा बिलिङसम्बन्धी व्यवस्था

**१५. एकीकृत सम्पत्तिकरको दररेट तथा अन्य शुल्क निर्धारण :** (१) गाउँपालिकाको स्थानीय आर्थिक ऐन बमोजिम सभाले एकीकृत सम्पत्ति करको स्ल्याब तथा दर निर्धारण गर्नेछ ।

(२) गाउँपालिकाले सभाको निर्णय बमोजिम गाउँबासीहरूलाई फोहोरमैला व्यवस्थापन, सरसफाइ, सडकबत्ती, ढल निकास जस्ता आफूले उपलब्ध गराउने सेवासुविधाका निम्ति एकीकृत सम्पत्ति करको निश्चित प्रतिशत शुल्क वा दस्तुर थप गरी लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम थप सेवासुविधाको निम्ति लगाइएको थप शुल्क वा दस्तुरबापत उठेको रकमको अलग हिसाब राखी सम्बन्धित सेवासुविधाका लागि मात्र खर्च गर्नु पर्नेछ । उक्त सेवा उपलब्ध गराएबापत अन्य कुनै तरिकाबाट वा अन्य कुनै निकायले पुनः शुल्क वा दस्तुर लिन पाउने छैन ।

**१६. कर बिलिङ :** (१) सम्पत्तिको मूल्यांकन तथा कर निर्धारण भइसकेपछि **अनुसूची -१०** बमोजिम ढाँचामा एकीकृत सम्पत्ति करको बिजक तयार गरी करदातालाई उपलब्ध गराउनु पर्दछ ।

(२) एकीकृत सम्पत्ति कर बिजकको पहिलो प्रति सम्बन्धित करदातालाई उपलब्ध गराई दोस्रो प्रति सम्बन्धित करदाताको फाइलमा राख्नु पर्नेछ ।

(३) एकीकृत सम्पत्ति करको बिजक गाउँपालिकाले सम्बन्धित करदातालाई जानकारी गराउन पत्राचार, इमेल, एसएमएस आदिको माध्यमवाट करदाताहरूलाई दिन सकिनेछ ।

(४) एकीकृत सम्पत्ति करको बिजक करदातालाई बुझाउन गाउँपालिकाले आपसी सम्झौताका आधारमा कुनै सामुदायिक संघसंस्था, टोल विकास संगठन वा निजी क्षेत्रलाई परिचालन गर्न सक्नेछ ।

(५) गाउँपालिकाबाट एकीकृत सम्पत्ति करको बिजक तयार भइनसकेको अवस्थामा करदाताले कर बुझाउन चाहेमा तत्कालै बिजक तयार गरी असुल गर्नु पर्नेछ ।

(६) गाउँपालिकाले जारी गरेको बिजक उपर कसैलाई चित्त नबुझेमा **अनुसूची -११** को ढाँचामा गाउँपालिका अध्यक्ष/प्रमुखसमक्ष उजुरी दिन सक्नेछन् । यसरी पर्न आएको निवेदन अध्यक्ष/प्रमुखले जाँचबुझ गर्न लगाई एक महिना भित्र निर्णयका लागि गाउँपालिकामा पेस गर्न लगाउनु पर्नेछ र गाउँपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

## परिच्छेद - ६

## एकीकृत सम्पत्ति कर असुली सम्बन्धी व्यवस्था

१७. **एकीकृत सम्पत्ति कर असुली :** (१) गाउँपालिकाले एकीकृत सम्पत्ति कर संकलनका लागि गाउँपालिकाको राजस्व शाखा गठन गरी कार्य गर्नेछ । एकीकृत सम्पत्ति करसम्बन्धी सम्पूर्ण अभिलेखहरू उक्त शाखा प्रमुखको जिम्मामा रहनेछ ।

(२) एकीकृत सम्पत्ति करको संकलन **अनुसूची - १२** बमोजिमको नगदी रसिदबाट हुनेछ । नगदी रसिदको पहिलो प्रति सम्बन्धित करदाताको फाइलमा राखी दोस्रो प्रति सम्बन्धित करदातालाई उपलब्ध गराउनु पर्नेछ ।

(३) एकीकृत सम्पत्ति कर असुली रकमको दैनिक विवरण अनुसूची **अनुसूची - १३** बमोजिमको ढाँचामा तयार गरी सोको भोलिपल्ट बैंक दाखिला गर्नु पर्नेछ । बैक भौचर र विवरण आर्थिक प्रशासन शाखामा बुझाउनु सम्बन्धित शाखा प्रमुखको कर्तव्य हुनेछ ।

(४) दफा ६ को उपदफा (१) बमोजिम एकीकृत सम्पत्ति कर नलाग्ने भनी तोकिएका सम्पत्तिका हकमा गाउँपालिकाले सम्पत्तिको मूल्यांकन गरी कर नलाग्ने व्यहोरा जनाई नगदी रसिद उपलब्ध गराउनु पर्नेछ ।

तर, दफा १५ को उपदफा (४) बमोजिम लगाइएको सेवाशुल्क तथा दस्तुर बुझाउनु सम्बन्धित सेवाग्राहीको कर्तव्य हुनेछ ।

(५) करदाताहरूले गाउँपालिकामा सम्पत्तिको विवरण दाखिला गाउँको वा गाउँपालिकाले सम्पत्ति पहिचान गर्न नसकेका कारणले कुनै करदाता कर तिर्ने दायित्वबाट मुक्त हुने छैनन् ।

(६) गाउँपालिकाले आर्थिक वर्षको श्रावण १ गतेबाट एकीकृत सम्पत्ति कर बुझिलिन नसक्ने अवस्था उत्पन्न भई केही दिन ढीला हुन गएमा निश्चित अवधिसम्मका लागि एकीकृत सम्पत्ति कर धरौटी लिई फुकुवापत्र दिन सकिनेछ ।

(७) करदाताले अग्रीम रुपमा एकीकृत सम्पत्ति कर बुझाउन चाहेमा गाउँपालिकाले लाग्ने करको अनुमान गरी अग्रीम रुपमा रकम बुझ्न सक्नेछ । गाउँपालिकाले यसरी बुझेको रकमलाई धरौटीको रुपमा राखि प्रत्येक बर्ष कर रकममा मिलान गर्नेछ ।

(८) करदाताले वक्यौता रकममध्ये केही रकम वुझाउन चाहेमा गाउँपालिकाले अधिल्ला वर्षहरुको क्रमशः रकम बुझिलिन सक्नेछ ।

तर यसरी वक्यौता असुल गर्दा अधिल्लो वर्षको वाँकी राखि चालु आर्थिक वर्षको कर रकम बुझ्न पाइने छैन । बुझेको पाईएमा गाउँपालिकालाई भएको नोक्सानी सम्वन्धित कर्मचारीवाट असुल उपर गरिनेछ ।

## परिच्छेद - ७

## पुरस्कार, मिनाहा तथा दण्ड जरिबाना सम्बन्धी व्यवस्था

१८. **विवरण दाखिला गाउँमा जरिबाना हुने :** (१) गाउँपालिकाले सम्पत्ति विवरण दाखिला गर्न तोकेको म्यादभित्र दाखिला गाउँमा **अनुसूची -१४** बमोजिम थप शुल्क लिई सम्पत्तिको विवरण बुझि लिनेछ ।

(२) करदाताले झूट्टा विवरण दाखिला गरेको प्रमाणित भएमा निजको सम्पत्तिको पुनः मूल्यांकन गरी जरिबाना सहितको कर रकम असुल उपर गरिनेछ । यस्तो जरिबाना लुकाएको सम्पत्तिमा नियमानुसार लाग्ने कर रकमको प्रति वर्ष ५० प्रतिशतले हुन आउने रकम बराबर हुनेछ ।

(३) सम्पूर्ण जग्गाको विवरण दाखिला गाउँको, सडकले छोएको सम्वन्धी विवरण सहि नदिएको, एउटै व्यक्तिको सम्पत्तिको दुई पटक सम्पत्ति विवरण दाखिला गरेको, सक्कल कागजातलाई केरमेट गरी अन्यथा गरेको, संरचनाको पूरा तल्लाको संख्या उल्लेख गाउँको, एक तल्लाको क्षेत्रफलमा पन्ध्र प्रतिशतभन्दा बढी फरक पारेको, संरचनाको प्रकार तथा बनोटको किसिम फरक पारेको र संरचनाको प्रयोग सम्बन्धमा गलत विवरण दाखिला गरेको पाइएमा सोलाई झूट्टा विवरण दाखिला गरेको मानी उपदफा (२) बमोजिम पुनः कर निर्धारण गरी सोही बमोजिम जरिबानासमेत असुलउपर गरिनेछ ।

(४) कुनैसम्पत्ति धनीले झूट्टा विवरण दाखिला गरेको भनी गाउँपालिकामा उजुरी प्राप्त भएमा सो उजुरीउपर ३५ दिनभित्र जाँचबुझ गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको उजुरी सही ठहरिएमा उजुरी दिने व्यक्ति, संगठन वा संस्थालाई जरिबानाको ५० प्रतिशत पुरस्कार दिई सोको अभिलेख गोप्य राखिनेछ ।

१९. **कर छूट तथा जरिबानासम्बन्धी व्यवस्था :** (१) गाउँपालिका क्षेत्रभित्रका सम्पत्ति धनीले प्रत्येक वर्षको एकीकृत सम्पत्ति कर सोही आर्थिक वर्षभित्र भुक्तानी गरिसक्नु पर्नेछ ।

(२) प्रत्येक आर्थिक वर्षमा बुझाउनुपर्ने एकीकृत सम्पत्ति कर सोही आर्थिक वर्षको पौष मसान्तभित्र बुझाएमा लाग्ने कर रकममा दश प्रतिशत छूट दिइनेछ ।

(३) बक्यौता कर भुक्तानी गर्दा देहाय अनुसार जरिबाना लाग्नेछ :

क) एक वर्षको बक्यौतामा सोको पन्द्र प्रतिशतले हुन आउने रकम ।

ख) एक वर्षभन्दा बढीको बक्यौतामा प्रतिवर्ष बिस प्रतिशतले हुन आउने रकम ।

(४) पाँच वर्षसम्म एकीकृत सम्पत्ति कर भुक्तानी नगर्ने करदाताका नाममा रहेको घरजग्गा रजिस्ट्रेसन रोक्का राख्ने कारबाही गरिनेछ ।

(५) घरजग्गा रोक्का राखेको दस वर्षसम्म पनि करदाताले कर चुक्ता गाउँमा सम्बन्धित करदाताको सम्पत्ति प्रचलित कानुनबमोजिम लिलामबिक्री गरी कर तथा जरिबाना असुलउपर गर्न सकिनेछ ।

(६) पाँच वर्षभन्दा बढी समयको एकीकृत सम्पत्ति कर बक्यौता राख्ने करदातालाई गाउँपालिकाले उपलब्ध गराउँदै आएको आकस्मिक बाहेकका अन्य सेवा र सुविधा रोक्का राख्न सक्नेछ ।

(७) राजस्व शाखाबाट एककिृत सम्पत्ति कर समेतका कर चुक्ता भएको प्रमाण पेस गाउँसम्म गाउँपालिकाबाट नयाँ सेवा तथा सुविधाहरू उपलब्ध गराइने छैन ।

(८) यो कायविधि बमोजिम निर्धारण भएका कर तथा जरिबाना गाउँपालिकाको कुनै पनि निर्णयबाट छूट वा मिनाहा दिन पाइने छैन । यो दफा विपरीत गाउँपालिकाको कुनै समिति, पदाधिकारी वा कर्मचारीले मिनाहा दिएको खण्डमा मिनाहा दिएको रकम मिन्हा दिने पदाधिकारीबाट असुल उपर गरिनेछ ।

तर, कुनै करदाताको सम्पत्ति भूकम्प, बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक प्रकोपका कारण क्षति भएमा प्राप्त निवेदनका आधारमा जाँचबुझ गरी प्रमाणित भएमा क्षति बराबरको सम्पत्तिमा लाग्ने कर गाउँ कार्यपालिकाले मापदण्ड बनाई मिन्हा दिन सक्नेछ । यसरी मिन्हा दिएको विबरण सात दिनभित्र सार्वजनिक गर्नु पर्नेछ ।

(९) एकीकृत सम्पत्ति कर चुक्ता भइसकेको कुनै सम्पत्तिमा सोही आर्थिक वर्षमा पुनः कर लाग्ने छैन ।

(१०) एकीकृत सम्पत्ति कर लागू हुनुपूर्व उक्त सम्पत्तिमा लाग्ने भुमिकर, मालपोत तथा घरजग्गा कर बुझाउने दायित्व सम्बन्धित करदाताको हुनेछ ।

(११) एकीकृत सम्पत्ति कर लागू हुनुभन्दा अघिका आर्थिक वर्षको स्थानीय तहले निर्धारण गरेको भुमिकर, मालपोत घरजग्गा कर चुक्ता नभएसम्म गाउँपालिकाले एकीकृत सम्पत्ति कर बुझिलिने छैन ।

(१२) कृषि योग्य जमिनहरुलाई कृषिमा प्रयोग नल्याई बाँझो राखेमा त्यस्ता करदातालाई आर्थिक ऐन अनुसार थप शुल्क लिन सक्नेछ ।

# परिच्छेद- ८
## विविध

२०. **परामर्शदाता नियुक्त गर्नसक्ने** : एकीकृत सम्पत्ति करको मूल्यांकन गरी बिजक तयार गर्ने काम मौजुदा कर्मचारीबाट निर्धारित समयमा सम्पन्न गर्न नसकिने भएमा गाउँपालिकाले समय, लागत र कार्य क्षेत्र तोकी छोटो अवधिका लागि परामर्शदाता नियुक्त गरी कार्य गर्न सक्नेछ ।

२१. **कर्मचारीलाई अतिरिक्त समय कार्य गराएबापत सुविधा दिनसक्ने** : (१) एकीकृत सम्पत्ति करको मूल्यांकन गरी बिजक तयार गर्ने काम निर्धारित समयमा कार्यालय समयभित्र सम्पन्न गर्न मौजुदा कर्मचारीलाई अतिरिक्त समय कार्य गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम काम गरेबापत कर्मचारीहरुलाई प्रति एकाई कार्यको निमित्त गाउँपालिकाले तोकेको दरले थप सुविधा दिन वा तलवमा थप अतिरिक्त भत्ता दिन सकिनेछ ।

२२. **कागजातको गोप्यता** : (१) एकीकृत सम्पत्ति कर प्रयोजनका लागि करदाताबाट प्राप्त कागजात तथा अभिलेख गोप्य राखिनेछ ।

(२) उपदफा (१) बमोजिमको कागजात तथा अभिलेख गाउँपालिकाको प्रयोजन बाहेक अन्य कार्यमा प्रमाण लाग्ने छैन । तर, कुनै सरकारी निकायबाट सोसम्बन्धी जानकारी माग भई आएमा प्रमुख प्रशासकीय अधिकृतले उपलब्ध गराउन सक्नेछ ।

२३. **खाता तथा फाराम** : एकीकृत सम्पत्ति करको प्रयोजनका लागि गाउँपालिकाले आवश्यक खाता तथा फारामको विकास गरी लागू गर्न सक्नेछ ।

२४. **सम्पत्ति मूल्यांकन सिफारिश तथा घरवाटो प्रमाणितको आधार** : एकीकृत सम्पत्ति करका लागि करदाताले गाउँपालिका समक्ष दाखिला गरेको सम्पत्ति विवरणका आधारमा गाउँपालिकाले सम्पत्तिको मूल्यांकन सिफारिस तथा घरवाटो प्रमाणित गर्न सक्नेछ ।

२५. **सहयोग लिनसक्ने** : गाउँपालिकाले जग्गा तथा संरचनाको लगत अद्यावधिक गर्ने प्रयोजनका लागि जग्गाको नापी गराउने, जग्गा खरिद विक्रिको सूचना प्राप्त गर्ने, जग्गाको मूल्यांकन दर कायम गर्ने जस्ता कार्यमा जिल्ला स्थित कार्यालयहरुको सहयोग प्राप्त गर्न सक्नेछ ।

२६. **सम्मान गर्ने** : गाउँपालिकाले हरेक बर्ष सभाबाट सबैभन्दा बढी कर तिर्ने, समयमा नै कर बुझाउने, करदातालाई कर तिर्न प्रोत्साहन गर्ने र एकीकृत सम्पत्ति कर असुलीमा सहयोग पुऱ्याउने करदातामध्येबाट उत्कृष्ट करदाता छनौट गरी सम्मान गर्न सक्नेछ ।

२७. **विवरण सार्वजनिक गर्नुपर्ने** : गाउँपालिकाले मासिक रूपमा असुल भएको एकीकृत सम्पत्ति कर र वार्षिक रूपमा उठेको एकीकृत सम्पत्ति कर तथा सो सम्बन्धमा भएका क्रियाकलापको समीक्षा सहितको वार्षिक प्रतिबेदन सार्वजनिक गर्नु पर्नेछ ।

२८. **अभिमुखीकरण कार्यक्रम** : एकीकृत सम्पत्ति कर लागू गर्नुपूर्व गाउँपालिकाबाट पदाधिकारी, कर्मचारी तथा सरोकारवालालाई जानकारी गराउन तथा राय सुझाव संकलन गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न र यस्तो कर लागु गरेका गाउँपालिकाको अध्ययन भ्रमण गर्न सकिनेछ ।

३०. **अधिकार प्रत्यायोजन** : यो कार्यविधि बमोजिम प्रमुख प्रशासकीय अधिकृतले आफुलाई प्राप्त अधिकार मातहतका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३१. **कार्यविधीको व्याख्या**: यो कार्यविधिको अन्तिम व्याख्या कार्यपालिका वा कार्यपालिकाको अधिकार प्राप्त निकायले गर्नेछ ।

३२. **कार्यविधी संशोधन** : यो कार्यविधिका प्रावधानहरूमा कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्ने छ ।

३३. **बाधा अडचन फुकाउ** : स्थानीय सरकार संचालन ऐन, २०७४ तथा यस कार्यविधिमा व्यवस्था भए वाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय कार्यपालिकाले गर्नेछ । विशेष अवस्था परी सम्पत्ति मूल्यांकन गरिएको तीन वर्ष पछि पुनः सम्पत्ति मूल्यांकन गर्न नसक्ने अवस्था आएमा सभाले अघिल्लो मूल्यांकनलाई आधार मानी एकीकृत सम्पत्ति कर असुल गर्ने व्यवस्था गर्न सक्नेछ ।

# अनुसूचीहरु

# अनुसूची- १

(दफा ३ सँग सम्बन्धित)

## एकीकृत सम्पत्ति करको दर

| कर योग्य एकीकृत सम्पत्तिको मूल्य | बार्षिक दर |
|---|---|
| पाँच लाख रुपैयाँसम्मको मूल्यांकनमा | एक मुष्ठ रु (एकसय) |
| दश लाख रुपैयाँसम्म | प्रति लाख (रु २०) |
| २० लाख रुपैयाँसम्म | प्रति लाख (रु २५ ) |
| ३० लाख रुपैयाँसम्म | प्रति लाख (रु ३०) |
| ५० लाख रुपैयाँसम्म | प्रति लाख (रु ३५) |
| ६० लाख रुपैयाँसम्म | प्रति लाख (रु ४०) |
| ७० लाख रुपैयाँसम्म | प्रति लाख (रु ५०) |
| ८० लाख रुपैयाँसम्म | प्रति लाख (रु ५५ ) |
| एक करोड भन्दा माथि | प्रति लाख (रु ६० ) |

नोट : मुल्यांकन रकमलाई रु लाखमा (round figure)मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

**माथि उल्लिखित दरको आधारमा लाग्ने करको उदाहरण :**

| मूल्यांकन लाखमा | करको दर | कर रकम |
|---|---|---|
| ५ लाख सम्म | १०० | रू १०० |
| १० लाख | २० | २०० |
| ३० लाख | २५ | ७५० |
| ५० लाख | ३० | १५०० |
| ६० लाख | ३५ | २१०० |
| ७० लाख | ४० | २८०० |
| ८० लाख | ५० | ४००० |
| १ करोड माथि | प्रति लाख ६० | ६००० |

# अनुसूची- २

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## बडीकेदार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
## डोटी

### एकीकृत सम्पत्तिको विवरण

वडा नं......

| सि.नं. | जग्गा/घर धनीको नाम | पेशा | ठेगाना | | जग्गाको विवरण | | भौतिक संरचनाको विवरण र किसिम | | | भौतिक संरचना बनेको मिति | भौतिक संरचनाको | | | | भौतकि संरचनाको प्रयोग | | | | प्रयोगकर्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बाटोको नाम | घर नं. | कि.नं. | क्षेत्रफल | भवन | गोदाम, सेड | अन्य | | लम्बाइ फि | चौडाइ फि | क्षेत्रफल वर्ग फि | तला संख्या | आवास | व्यापार | औद्योगिक | संस्थागत | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |

# अनुसूची ३

(दफा ८ को उपदफा (१)सँग सम्बन्धित)

## बडीकेदार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
## डोटी

## एकीकृत सम्पत्तिविवरण पेश गर्नेबारे सम्पत्तिधनीहरूलाई अत्यन्त जरुरी सूचना

यस बडीकेदार गाउँपालिकाले हालसम्म मालपोत असूल गरी आएकोमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा यस गाउँपालिकाको स्थानीय आर्थिक ऐन, २०७४ बमोजिम आ.व. ०७५।०७६ देखि एकीकृत सम्पत्ति कर लागू गरिने भएकाले गाउँपालिका क्षेत्रभित्र जग्गा रहेका जग्गाधनीहरूलाई आफ्नो जग्गा र सो जग्गामा बनेको संरचनाको विवरण दाखिला गरी गाउँपालिकामा लगत कायम गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

सम्पत्तिको विवरण दाखिला गर्ने फाराम बडीकेदार गाउँ कार्यपालिकाको कार्यालयबाट यही २०७५।४।१ गतेदेखि वितरण हुने हुँदा फाराम प्राप्त गर्नुभई सो फाराममा सत्यतथ्य विवरण भरी आगामी २०७५।४।३० गतेभित्र गाउँ कार्यपालिकाको कार्यालयमा दाखिला गर्नुहुन अनुरोध गरिन्छ । यस्तो विवरण जग्गाधनी आफै वा निजको सगोल परिवारका व्यक्ति वा निजको मञ्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन् । गाउँपालिकाले तोकेको अन्तिम मितिसम्म पनि विवरण दाखिला नगर्ने जग्गाधनीहरूले विलम्ब शुल्क तिर्नुपर्ने हुँदा तोकिएको समयभित्रै आ-आफ्नो सम्पत्ति (घर र संरचना) को विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

एकीकृत सम्पत्ति करको विवरण दाखिला गर्नका लागि आ.व. ०७४।०७५ सम्मको मालपोत र भूमिकर चुक्तागर्नु पर्नेछ । एकीकृत सम्पति कर तिरेपछि सो घर / जग्गामा मालपोत, भूमिकर र घरजग्गा कर नलाग्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

# अनुसूची ४

(दफा ८ को उपदफा (४) सँग सम्बन्धित)

# बडीकेदार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
## डोटी

## एकीकृत सम्पत्ति विवरण दाखिला फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
.बडीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
डोटी ।

महोदय,

यस गाउँपालिकाको मिति २०....... गते प्रकाशित सूचनाअनुसार मैले/हामीले एकीकृत सम्पत्ति कर मूल्यांकनका लागि तपसिलमा लेखिए बमोजिमको सम्पत्तिको विवरण दाखिला गरेको छु/छौं । यस बमोजिम गाउँपालिकाले एकीकृत सम्पत्ति कर निर्धारण गरिदिएमा मेरो/हाम्रो मञ्जुर छ । तपसिलमा उल्लेखित विवरणहरू झूट्टा ठहरे गाउँपालिकाको निर्णय तथा कानुन बमोजिम दण्ड सजाय सहुँला बुझाउँला ।

**क) सम्पत्ति धनीको विवरण**

१. जग्गा/घरधनीको नाम र थर :

२. बाबु /पतिको नाम र थर :

३. बाजे /ससुराको नाम र थर :

४. पेसा /व्यवसाय :

५. घर जग्गाधनी बसोबास गर्ने

न.पा. / गा.पा. :

वडा नं. : टोल /बस्ती /घर नं. :

टेलिफोन नं. :

इमेल:

६. सम्पत्तिधनीको पारिवारिक विवरण :

| क्र. सं. परिवारका सदस्यहरूको नाम | सम्पत्ति धनीको नाता |
|---|---|
| १. | |
| २. | |
| ३. | |

**ख) विवरण दाखिला गर्ने व्यक्तिको विवरण**

दस्तखत :

नाम र थर :

ठेगाना :

जग्गा/घरधनीको नाता :

मितिः

**ग) सम्पत्तिको विवरण :**

**१. जग्गाको विवरण :**

| जग्गाको विवरण | | | | जग्गा रहेको स्थान | जग्गाजोडिएको मुख्य सडक (सडकको नाम र सडकको प्रकार) | क्षेत्र (कार्यालयले भर्ने) | जग्गाको प्रयोग | जग्गाको चलनचल्तीको मूल्य (प्रति ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| कि.नं. | साबिक (गाविस र वडा) | हालको वडा नं. | क्षेत्रफल | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## २. भौतिक संरचनाको विवरण :

| संरचना रहेको कि. नं. | संरचनाको प्रकार (घर / गोदाम/ टहरा / पर्खाल) | संरचनाको | | | | | भौतिक संरचनाको विवरण | | प्रयोगकर्ता (स्वयं /भाडा) | कैफियत (घर नं. आदिखुलाउने ) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तल्ला | लम्बाई | चौडाई | क्षेत्रफल (वर्गफुट वा रनिङ फिट) | बनेको मिति | संरचनाको बनोटको किसिम (बनोट र छाना खुलाउने) | संरचनाको प्रयोग (व्या/ औ / स ं/ घ) | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**घ. कार्यालयले भर्ने :**

१) करदातावाट चुक्ता गर्नुपर्ने घरजग्गा कर, मालपोत वा भूमिकर, धरधुरी कर रसिदको प्रतिलिपि पेस नभएकोमा गाउँपालिकाबाट भएको प्रमाणित :

| कर शीर्षक | प्रमाणीत विवरण | प्रमाणित गर्नेको दस्तखत र मिति |
|---|---|---|
| मालपोत वा भूमिकर | | |
| घरधुरी कर | | |
| घरजग्गा कर (नलाग्ने वा चुक्ता) | | |

२) नक्सापास गरी बनाएको संरचनाको हकमा गाउँपालिकाको प्राविधिकबाट भएको प्रमाणित :

| संरचनाको विवरण | संरचनाबनेको मिति | वर्गफिट वा रनिङफिट | प्रमाणित गर्नेको नाम र दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |

३) यस विवरणसाथ संलग्नकागजातहरू ।

क) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि : छ / छैन ।

ख) कर बुझाएको रसिदको प्रतिलिपि : छ / छैन ।

ग) सम्पत्तिधनीउपस्थितहुननसकेमानिजले दिएको मञ्जुरीनामा : छ / छैन ।

घ) अन्यकागजातहरू :

गाउँपालिकाले सम्पत्ति विवरण दाखिला सम्बन्धमा गरेका मुख्य व्यवस्थाहरू :

क) गाउँपालिकाले एकीकृत सम्पत्तिको विवरण दाखिला गर्न आह्वान गरेको समयावधिभित्र यस फाराम अनुसार आआफ्नो जग्गा तथा संरचनाको सत्यतथ्य विवरण भरी गाउँपालिकामा दाखिला गर्नु पर्नेछ ।

ख) सम्पत्तिको विवरण दाखिला गरेपछि जग्गा खरिदबिक्री वा संरचना निर्माणको कारणले सम्पत्ति थपघट भएमा सोको प्रमाणसहितको विवरण पैंतीस (३५) दिनभित्र गाउँपालिकामा बुझाउनु पर्नेछ ।

ग) गाउँपालिकाले तोकेको समयावधिभित्र सम्पत्ति विवरण फाराम दाखिला गाउँमा गाउँपालिकाले थप शुल्क लिई विवरण फाराम बुझिलिन सक्नेछ ।

घ) सम्पत्तिको विवरण सम्पत्तिधनी स्वयंले गाउँपालिकामा दाखिलागर्नु पर्नेछ । कुनै कारणबस धनी स्वयं उपस्थित भई विवरण दाखिला गर्न नसकेमा सगोल परिवारका कानुन बमोजिम उमेर पुगेका कुनै सदस्यले वा सम्पत्तिधनीको मञ्जुरीनामा प्राप्त व्यक्तिले दाखिला गर्न सक्नेछन् ।

ङ) संयुक्त स्वामित्वमा रहेको सम्पत्तिको विवरण सम्पत्तिधनीहरूले संयुक्तरूपमा वा सोमध्ये कुनै एकजनाले दाखिला गर्न सक्नेछन् ।

च) एकीकृत सम्पत्ति करकालागि करदाताले गाउँपालिका समक्ष दाखिला गरेको सम्पत्ति विवरणको आधारमा गाउँपालिकाले सम्पत्तिको मूल्यांकन गर्नेछ ।

छ) करदाताले झुट्टा विवरण दाखिला गरेको प्रमाणित भएमा निजको सम्पत्तिको पुन:मूल्यांकन गरी जरिबाना सहितको कर रकम असुलउपर गरिनेछ । यस्तो जरिबाना लुकाएको सम्पत्तिमा नियमानुसार लाग्ने रकमको प्रतिवर्ष ५०प्रतिशतले हुनआउने रकम बराबर हुनेछ ।

ज) सम्पूर्ण जग्गाको विवरण दाखिला गाउँको, सडकले छोएको सम्वन्धी विवरण सहि नदिएको, एउटै व्यक्तिको सम्पत्तिको दुई पटक सम्पत्ति विवरण दाखिला गरेको, सक्कल कागजातलाई केरमेट गरी अन्यथा गरेको, संरचनाको पूरा तल्लाको संख्या उल्लेख गाउँको, एक तल्लाको क्षेत्रफलमा पन्ध्र प्रतिशतभन्दा बढी फरक पारेको, संरचनाको प्रकार तथा बनोटको किसिम फरक पारेको र संरचनाको प्रयोग सम्बन्धमा गलत विवरण दाखिला गरेको पाइएमा सोलाई झूट्टा विवरण दाखिला गरेको मानीने छ ।

**विवरण दाखिला गर्नेको दस्तखत :**

# अनुसूची -५

(दफा १० को उपदफा (४) सँग सम्वन्धित)

# बडीकेदार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
## डोटी

## जग्गा तथा संरचनाको दाखिला खारेजी टिपोट

जग्गा दिनेको नाम : जग्गा लिनेको नाम :

ठेगाना : ठेगाना :

जग्गा दिनेको करदाता संकेत नं : जग्गा लिनेको करदाता संकेत नं :

जग्गा तथा संरचनाको विवरण

| सि.नं. | जग्गा दिनको नाम | जग्गा लिनेको नाम | थपघटको भएको विवरण | | | जग्गाको विवरण | | | | | संरचनाको | | जग्गा दिनेको श्रेस्तामा घट जग्गा तथा संरचना | जग्गा दिनेको घट्ने मूल्यांकन रकम | जग्गा लिनेको श्रेस्तामा थप जग्गा तथा संरचना | जग्गा लिनेको थप मूल्यांकन रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जग्गा धनी संकेत नं. | रजिष्टेशन नं. | मिति | वडा नं. | जग्गा रहेको क्षेत्र | साविक कि.नं. | हालको कि.नं. | क्षेत्रफल | प्रकार | किसिम | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

सम्लग्न कागजातहरु :

तयार गर्नेको सही प्रमाणित गर्नेको सही

# अनुसूची ६

**(दफा १२ को उपदफा (३) (क) संग सम्बन्धित)**

**जग्गाको न्यूनतम मूल्यांकन हद**

बडिकेदार गा.पा.मा जग्गाको मूल्याकंन रू हजारमा स्थान बिशेष अनुसार

| स्थान | वडा न. | खेत तर्फ | | | | पाखो तर्फ | | | | सडकको दाया बाया | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अब्बल | दोयम | सिम | चाहार | अब्बल | दोयम | सिम | चाहार | राजमार्ग | पक्की | ग्राबेल | कच्ची | गोरेटो |
| बर्छैन/बिपीनगर | १, ५, ७ र ६,९ | ७१ | ६५ | ६१ | ५७ | ६० | ५४ | ५० | ४३ | | | | १७५<br>२६० | ५८<br>१३५ |
| बर्छैन/बिपीनगर | २, ४ र ३,८ | ७१ | ६५ | ६१ | ५७ | ६० | ५४ | ५० | ६३ | | | | १७५<br>२६० | ५८<br>१३५ |
| घाडल | १ देखि ९ | ४८ | ४३ | ३८ | ३२ | ३८ | ३६ | ३४ | ३१ | | | | | ६० |
| मान्नाकापाडी | १ देखि ९ | ४८ | ४६ | ४३ | ४१ | ४५ | ४२ | ४० | ३८ | | | | | ६० |
| लानाकेदार | १ देखि ९ | ४९ | ४६ | ४५ | ४३ | ४५ | ४३ | ४२ | ४१ | | | | ११० | ८५ |

# अनुसूची - ७

(दफा १२ को उपदफा (३) (ख) सँग सम्बन्धित)

## संरचनाको मूल्यांकन दर

| क्षेत्र | | संरचनाप्रति वर्ग फिट रु. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आर.सि.सि. फ्रेम स्टक्चर | | सिमेण्ट जोडाईमाइट्टावा ढुङ्गाको गारो - आर.सि.सि. छाना | | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमाइट्टावा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | | सेड वा कच्ची घर | |
| | | व्यापारिक,औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिकतथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिकतथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिकतथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास |
| क | व्यापारिक क्षेत्र | | | | | | | | | | |
| ख | आवासीय क्षेत्र | | | | | | | | | | |
| ग | कृषि क्षेत्र | | | | | | | | | | |
| घ | बनतथावगर क्षेत्र | | | | | | | | | | |

# अनुसूची -८

(दफा १३ को उपदफा (१) सँग सम्वन्धित)

## बडीकेदार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, डोटी

# एकीकृत सम्पत्तिको मूल्यांकन फाराम

करदाताको संकेत नम्वर : कर निर्धारण गरेको आ.व. :

जग्गा र घर घनीको नाम :

ठेगाना :

टोल र बस्ती र घर नं. :

| जग्गाको विवरण | | | | | | जग्गाको कायम मूल्य | भौतिक संरचनाको विवरण | | | | | | | | | | भौतिक संरचनाको कायम मूल्य | सम्पत्तिको कर लाग्ने कुल मूल्य (जग्गा + संरचना) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साविकको गाविस र वडा | हालको वडा र टोल | कित्ता नं. | क्षेत्रफल | जग्गा रहेको क्षेत्र | एकाई मूल्य प्रति .. | | प्रकार | तल्ला | बनोटको किसिम | प्रयोग | क्षेत्रफल | एकाई मूल्य | शुरुको मूल्यांकन | पुरा भएको बर्ष | ह्रास कट्टी प्रतिशत | ह्रास कट्टी हुने रकम | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

कर योग्य एकीकृत सम्पत्तिको मूल्य रु .............

बार्षिक एकीकृत सम्पत्ति कर जम्मा रु ............

अक्षरुपी :

मूल्यांकन मिति : मूल्यांकन कर्ता :

# अनुसूची– ९

(दफा १३ को उपदफा (५) सँग सम्बन्धित)

## संरचनाको ह्रास कट्टी दर

| संरचनाको किसिम → <br> संरचनाको आयु ↓ | आर.सि.सि. फ्रेम स्टक्चर | सिमेण्ट जोडाईमाइट्टावा ढुङ्गाको गारो - आर.सि.सि. छाना | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमाइट्टावा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | सेड वा कच्ची घर |
|---|---|---|---|---|---|
| १ - ३ वर्ष | ६ | ९ | १२ | १५ | २० |
| ३- ६ वर्ष | १२ | १८ | २४ | ३० | ४० |
| ६- ९ वर्ष | १८ | २७ | ३६ | ४५ | ६० |
| ९- १२ वर्ष | २४ | ३६ | ४८ | ६० | ८० |
| १२- १५ वर्ष | ३० | ४५ | ६० | ७५ | ९० |
| १५- १८ वर्ष | ३६ | ५४ | ७२ | ९० | ९० |
| १८- २१ बर्ष | ४२ | ६३ | ८४ | ९० | ९० |
| २१- २४ वर्ष | ४८ | ७२ | ९० | ९० | ९० |
| २४- २७वर्ष | ५४ | ८१ | ९० | ९० | ९० |
| २७- ३० वर्ष | ६० | ९० | ९० | ९० | ९० |
| ३०- ३३ वर्ष | ६६ | ९० | ९० | ९० | ९० |
| ३३- ३६ वर्ष | ७२ | ९० | ९० | ९० | ९० |
| ३६- ४० वर्ष | ७८ | ९० | ९० | ९० | ९० |
| ४०- ४३ वर्ष | ८४ | ९० | ९० | ९० | ९० |
| ४३- ४६ वर्ष | ९० | ९० | ९० | ९० | ९० |
| ४६ भन्दा माथि | ९० | ९० | ९० | ९० | ९० |

# अनुसूची- १०

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

# बडीकेदार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

## डोटी

### एकीकृत सम्पत्ति कर बिजक

बिजक नं. : आ.व. :

जग्गा/घरघनीको नाम : करदाता संकेत नं. :

ठेगाना : बिजक बनेको मिति :

टोल/बस्ती/ घर नं. : खातापाना नं. :

| जग्गाको विवरण | | | | | | जग्गाको कायममूल्य | भौतिक संरचनाको विवरण | | | | | | | भौतिक संरचनाको कायममूल्य | सम्पत्तिको मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साबिक गाविस/वडा | हाल वडा | कि.नं. | क्षेत्रफल (....) | क्षेत्र | एकाइमूल्य (प्र ....) | | प्रकार | तल्ला | किसिम | प्रयोग | क्षेत्रफल (व.फि.) | सुरुको मूल्यांकन | ह्रास कट्टी | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| एकीकृत सम्पत्तिको जम्मा मूल्य | | | | | | | | | | | | | | | |

| | |
|---|---|
| एकीकृत सम्पत्ति कर | |
| अन्य शुल्क (.........) | |
| कुल जम्मा रु | |

आ.व. .......का लागि तपाईंको सम्पत्तिमा उपरोक्त बमोजिम कर तथा शुल्कहरू निर्धारण भएको हुँदा समयभित्रै कर भुक्तानी गर्नुहुन अनुरोध गरिन्छ। कर निर्धारण सम्बन्धी कुनै कुरामा चित्त नबुझेमा ३५ दिनभित्र अध्यक्ष/प्रमुख समक्ष निवेदन गर्न सकिने व्यहोरा समेत अनुरोध गरिन्छ।

बिल तयार गर्ने : स्वीकृत गर्ने

## अनुसूची– ११

(दफा १६ को उपदफा (६) संग सम्बन्धित)

## गाउँपालिकाको निर्णय उपर चित्तनबुझेमा करदाताले दिने निबेदन

श्रीमान् अध्यक्षज्यू,

बडीकेदार गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
डोटी

विषय:- **आवश्यक कारबाही गरिपाऊँ ।**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाबाट मिति ................ मा जारी गरिएको एकीकृत सम्पति करको लागि निर्धारित मूल्यमा निम्न कुरामा मेरो चित्त नबुझेको हुँदा म्यादभित्रै देहाय बमोजिमका कागजातहरू संलग्न राखी आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेको छु ।

**चित्त नबुझेका कुराहरू :**

.............................................................

........................................................

............................................................

**संलग्न कागजातहरू :**

**निवेदक**

नाम थर :-
ठेगाना :-
दस्तखत :-

मिति :

# अनुसूची- १२
(दफा १७को उपदफा (२) सँग सम्बन्धित)

# बडीकेदार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
## डोटी

**एकीकृत सम्पत्तिकरको नगदी रसिद**

जग्गाधनी संकेत नं. :

रसिद नं. :

जग्गा/घर घनीको नाम :

ठेगाना :

टोल / बस्ती / घर नं. :

कर बुझाएको आ.ब. :

बुझेको मिति :

करदाता संकेत नं. :

खातापाना नं. :

| जग्गाको विवरण | | | | | जग्गाको कायममूल्य | भौतिक संरचनाको विवरण | | | | | संरचनाको कायम मूल्य | सम्पत्तिको मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साविक गाविस र वडा | हाल वडा | कि.नं. | क्षेत्रफल (......मा) | जग्गा रहेको क्षेत्र | | प्रकार | तल्ला | किसिम | प्रयोग | क्षेत्रफल (व.फि.) | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | एकीकृत सम्पत्तिको जम्मा मूल्य | | |

| |
|---|
| एकीकृत सम्पत्ति कर |
| अन्यशुल्क |
| बक्यौता (आ.व. ........ देखि ......... सम्म) |
| जरिवाना |
| छुट |
| कुलजम्मा रु. |

अक्षरेपी रु.

रकम बुझिलिनेको सही :

# अनुसूची- १३

(दफा १७ को उपदफा (३) सँग सम्बन्धित)

## एकीकृत सम्पत्तिकर असुलीको दैनिक विवरण फाराम

**महिना :** **गते :**

| रसिद नं. | करदाताको नाम | असुली रकम | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

उपरोक्त बमोजिमको जम्मा रकम अक्षरूपी रु को बैंकको बैंक बैंक भौचर /नगद बरबुझारथ गरी लियौं/दियौं ।

दस्तखत : दस्तखत :

रकम बुझाउनेको नाम : रकम बुझिलिनेको नाम :

पद : पद :

मिति :....../....../.....

# अनुसूची - १४

(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

## म्यादभित्र विवरण दाखिला नभएमा लिइने थप शुल्कको दर

| सम्पत्तिको मूल्यांकन रकम | चालू आ.व.भित्रै म्याद नाघेमा | एक आ.व. म्याद नाघेमा | म्याद नाघेको एक आ.व.पछि तेस्रो आ.व.सम्म | म्याद नाघेको तेस्रो आ.व.पछि पाँचौं आ.व.सम्म |
|---|---|---|---|---|
| ५० लाख सम्म | रु .. | रु .. | रु.. | रु ... |
| ५० लाखभन्दा माथि १ करोडसम्म | रु .. | रु .. | रु.. | रु ... |
| १ करोड भन्दा माथि २ करोड सम्म | रु .. | रु .. | रु.. | रु ... |
| २ करोड भन्दा माथि जतिसुकै | रु .. | रु .. | रु.. | रु ... |